# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष २ अङ्क ३८ पूर्णाङ्क ८७ | २०७४ चैत १२ गते सोमबार | Monday, March 26, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-

## पार्टी एकताको आधार तयार पार्दै जाने चार वामको सहमति



काठमाडौं । मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), माहेनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल), नेत्रविक्रम चन्द ' विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी बिच पार्टी एकताको आधार तयार पार्दै जाने सहमति भएको छ । हालै सम्पन्न चार पार्टीको बैठकले यस्तो सहमति गरेको नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंहले शुक्रबार एक व्यक्तव्य जारी गर्दै प्रष्ट पार्नुभयो । ...बाँकी ६ पेजमा

# क्रान्तिका निम्ति बन्दुकधारी र कलमधारी सेना चाहिन्छ : *महासचिव किरण*

● **वर्गदृष्टि संवाददाता**

काभ्रे । काभ्रेको अनेकोटमा आयोजित साँस्कृतिक प्रतिरोध दिवसलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य'किरण'ले क्रान्तिका निम्ति बन्दुकधारी र कलमधारी सेना चाहिने कुरा बताउनु भएको छ । महान जनयुद्धमाथि धोका र गद्दारी गरेर मरणासन्न अवस्थामा पुगेको संसदीय व्यवस्थालाई पुनर्जीवित गराउनेहरूले नै जनवादी क्रान्ति पूरा भएको भनेर भ्रम छर्ने गरेको भन्दै महासचिव किरणले भन्नुभयो, ' क्रान्ति भएको छैन । साम्राज्यवाद तथा विस्तारवाद र सामन्तवादको चंगुलबाट देश र जनतालाई मुक्त नपारेसम्म नयाँ जनवादी क्रान्ति पूरा भएको मानिन्न । दशवर्ष लामो जनयुद्ध धर्मनिरपेक्षता, समानुपातिकता तथा संघीयताका लागि मात्र गरिएको थिएन ।'

झापा विद्रोहमाथि गद्दारी गर्ने ओलीहरू र दशवर्षे जनयुद्धमाथि गद्दारी गर्ने प्रचण्डहरू एउटै कि त्तामा पुगेको भन्दै महासचिव किरणले झापा विद्रोह र जनयुद्धको इतिहासको कुरा गर्ने अधिकार उनीहरूले गुमाइसकेको दावी गर्नुभयो । र, उहाँले भन्नुभयो, 'झापा विद्रोह र दशवर्षे जनयुद्धमाथि नै गद्दारी गर्नेहरूलाई त्यो महान इतिहासको कुरा गर्ने अधिकार छैन । झापा विद्रोह र जनयुद्धको उत्तराधिकारी उनीहरू हुन सक्तैनन् । सच्चा कम्युनिष्ट क्रान्तिकारीहरू हुन्, सच्चा उत्तराधिकारी हामीहरू हौं ।'

विद्रोह र बलिदानले भरिएको नेपाली कम्युनिष्ट आन्दोलनको गौरवशाली इतिहासको वस्तुनिष्ठ समीक्षा गर्दै क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन आफूहरू गम्भीर दायित्वबोधका साथ अगाडि बढिरहेको जनाउँदै महासचिव किरणले आफ्नै पार्टी संगठनलाई सुदृढ तुल्याउने, सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई गोलबन्द पार्ने र देशभक्त तथा प्रगतिशिल शक्तिहरूलाई समेत राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका विषयमा संयुक्त मोर्चा बनाएर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने पनि बताउनु भयो ।

साम्राज्यवादी तथा विस्तारवादीहरूको इशारामा उनीहरूकै अर्थतन्त्र लागू गर्ने संसदवादी दलाल शासकहरूबाट राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरूको समाधान हुन नसक्ने चर्चा गर्दै महासचिव किरणले त्यसका लागि नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको ठोकुवा गर्नुभयो ।

क्रान्तिकारी माओवादीको ३ नं. प्रदेश र अखिल नेपाल... बाँकी २ पेजमा



## नेपालको शासकहरूको लम्पसारवादी प्रवृतिका कारण नेपालको राष्ट्रियता सधैँ खतरामा : *परि थापा*



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा १ नं.प्रदेशको आयोजनामा राष्ट्रियता,जलश्रोत र कोशी उच्चवाँध विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा गणेश कटवालले आयोजकको तर्फवाट विषय प्रस्तुत गरेका थिए भने नेकपा (क्रान्तिकारी माओवादी)का स्थाई समिति सदस्य परि थापा, अन्नपूर्ण पोष्टका समाचार सम्पादक तथा जलश्रोत विज्ञ विकास थापा, संघीय समाजवादी फोरमका लिम्वुवान प्रदेश अध्यक्ष खगेन्द्र माखिम, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका नन्द कुमार याम्फुले उक्त विषयमा आ-आफ्नो भनाई राख्नु भएको थियो ।

नेता परि थापाले कोशी उच्चवाँध नेपालको हितमा नरहेकोले कुनै पनि हालतमा वन्न नदिने वताउनु भयो । भारतको हेपाहा प्रवृति... बाँकी ६ पेजमा

## 'शिक्षाको दायित्व राज्यले लिनुपर्छ' अखिल (क्रान्तिकारी)



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले नेपाल सरकारका शिक्षामन्त्री गिरिराजमणि पोखरेललाई शिक्षा क्षेत्रका मागहरूलाई समेटी ३३ बुँदे ज्ञापन पत्र बुझाएको छ । संगठनका अध्यक्ष सेमन्त राज भण्डारीको नेतृत्वमा गएको क्रान्तिकारी विद्यार्थीहरूको टोलीले बुधबार सिंहदरबार स्थित शिक्षा मन्त्रालयमा शिक्षामन्त्री पोखरेललाई उक्त ज्ञापन पत्र बुझाएको हो ।

देश विचौलिया, माफिया, दलाल, तस्कर र भ्रष्टाचारीहरूले चलाइरहेको र शिक्षा क्षेत्र निजीकरण, व्यापारीकरण, माफियाकरण र विदेशीकरणले जर्जर भइरहेको भन्दै क्रान्तिकारीले शिक्षा क्षेत्रलाई राज्यको दायित्वभित्र राखिनुपर्ने, दोहोरो शिक्षा प्रणाली खारेज गरिनुपर्ने,शिक्षाक्षेत्रमाभइरहेकोनिजीकरण, व्यापारीकरण र... बाँकी ६ पेजमा

## 'बच्चाको रक्षा गर, बन्दुकको होइन' भन्दै अमेरिकामा प्रदर्शन




काठमाडौं । बन्दुक नियन्त्रणको माग गर्दै अमेरिकामा विशाल प्रदर्शन भएको छ । ' मार्च फर आवर लाइभ्स' नार ासहित राजधानी वाशिङ्टन डिसीमा पाँच लाख प्रदर्शनकारी सडकमा उत्रिएर बन्दुक नियन्त्रणको माग गरेको अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरूले जनाएका छन् । यस्ता प्रदर्शन आठ सयभन्दा बढी स्थानमा भएको एजेन्सीहरूले जनाएका छन् । प्रदर्शनीमा मुख्यतः विद्यार्थीहरूको सहभागिता रहेको र उनीहरूलाई अन्य पेशाकर्मी, संगठनहरूले पनि साथ दिएको थियो । प्रदर्शनमा सहभागीहरूले 'प्रोटेक्ट किड्स नट गन' अर्थात् ' बच्चाको रक्षा गर, बन्दुकको होइन' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए । 'बन्दुकभन्दा विद्यार्थी महत्वपूर्ण छन्' लेखिएका प्लेकार्ड पनि धेरैले बोकेका थिए ।

एडिनबर्ग, लण्डन, जेनेभा, सिड्नी र टोकियोमा समेत यस्तै प्रदर्शन गरिएको छ । यस प्रदर्शनमार्फत् बन्दुक नियन्त्रणसम्बन्धी कानून बनाउन नेताहरूलाई दबाव पुग्ने अपेक्षा गरिएको छ ।

## नेपाली क्रान्तिको आवश्यकता र मकवानपुरको युवा प्रशिक्षणको महत्व

**१. विषय प्रवेश**

वर्गीय समाजमा कसैले चाहे पनि नचाहे पनि वर्गसंघर्ष कुनै न कुनै रूपमा चलिरहन्छ । उक्त वर्गसंघर्ष कतिपय अवस्थामा मन्द गतिमा अगाडि बढ्छ, कतिपय अवस्थामा उच्चस्तरमा विकसित भएर जान्छ । यो मानव समाज विकासका क्रममा अकाट्य तवरबाट देखिएको र प्रमाणित भएको विषय हो । यतिबेला विश्वमा पुँजीवादको विकसित रूप साम्राज्यवाद हावी छ । राज्यसत्तामा उसैको एकलौटी हालीमुहाली छ । जसका कारण साम्राज्यवादले आफ्नो सत्ताको आयु लम्ब्याउन र समाजमा रहेका मजदुर, किसान, महिलालगायत फरक-फरक देशका सन्दर्भमा काला र गेरा जाति, ब्राह्मण र आदिवासी जनजाति, विकसित भूगोल र अविकसित भूगोलमा रहेका वा बसोबास गर्ने जनसमुदायका बीचमा विभेद तथा राज्यद्वारा नै शोषक-

सर्वहारा वर्गीय आन्दोलनभित्र घुसेका हरिया साँपहरू जसले मालेमावादको खोल ओढेर सामन्तवादको, पुँजीवादको र साम्राज्यवादको सेवा गर्न तल्लीन छन् । तिनीहरूलाई उपयोग गर्न पुग्यो । जसले गर्दा सर्वहारावर्गले आकाश र घर्ती हल्लाउने क्रान्तिद्वारा प्राप्त जनवादी तथा समाजवादी सत्ताले हार्न बाध्य भए । तर पनि क्रान्ति निरन्तर चलिरहेकै छ । किनकि जबसम्म समाजमा वर्ग रहन्छ, शोषण, दमन र उत्पीडन रहन्छ, तबसम्म वर्ग चलिनै रहन्छ ।



● **दिनेश शर्मा** ●

वैज्ञानिक सिद्धानत विचारमा मात्र होइन व्यवहारतः स्थापित भयो, तब पुँजीवादी, साम्राज्यवादी तथा सामन्तवादी शक्तिले आफूसँग भएको सम्पूर्ण तागत लगाएर दमनको बाटो अवलम्बन गर्दासमेत सर्वहारावर्गका अगाडि घुँडा टेक्न बाध्य भएपछि सर्वहारा वर्गीय आन्दोलनभित्र घुसेका

हाम्रो देश नेपाल पनि त्यसबाट अछुतो रहन सक्ने अवस्था हुँदैन थियो र भएन पनि । स-साना कविलाई राज्यको समाप्ति सँगै उडाएको एकीकृत र केन्द्रीकृत राज्यमा पनि लामो समयदेखि सामन्तवादी राजतन्त्रात्मक सत्ताको हालीमुहाली रहँदै आएको कुरा स्पष्ट नै छ । जसको चपेटामा समाजका बहुसंख्यक किसान, मजदुर, महिला, दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम र पिछडिएका क्षेत्रका जनता पर्दै आए । एउटा सानो हिस्साले राज्यसत्ता आफ्नो हातमा लिएर समाजको ठूलो हिस्साका जनतालाई शोषण, दमन र उत्पीडन गरेर आफ्नो सत्तालाई बलियो बनाए । तर पनि जनताले कतिपय समय स्वतःस्फूर्त रूपमा कतिपय बेला योजनाबद्ध तवरबाट संघर्ष नगरेका होइनन् । जीवनको कुर्बानी नगरेका पनि होइनन् । कथित पुँजीवादको खोल ओढेको आफूलाई प्रजातान्त्रिक शक्ति भन्न रुचाउने नेपाली कांग्रेस तथा मार्क्सवादको खोल ओढेका नेकपा (एमाले)ले २००७ सालदेखि २०४६ सालसम्मका आन्दोलनहरूमा नेपाली जनतालाई ढाँट्यो र आन्दोलनको उद्देश्यमाथि कुठाराघात गर्‍यो । धोका दियो र सर्वहारावर्गको हातमा सत्ता आउन दिएन र सामन्तवाद पुँजीवाद तथा साम्राज्यवादको अगाडि घुँडा टेकेर उसैको सेवा गर्न पुग्यो । ...बाँकी ७ पेजमा

## सम्पादकीय

# क्रान्तिकारीहरू एकीकृत र ध्रुवीकृत हुन जरुरी

क्रान्तिकारी शक्तिहरूमाथि चौतर्फी हमला बढिरहेको यो बेला छरिएर रहेका क्रान्तिकारीहरू एकीकृत र ध्रुवीकृत हुन जरुरी छ । पार्टी एकताको आधार तयार पार्दै तत्काल कार्यगत एकता गरेर अगाडी बढ्ने क्रान्तिकारी माओवादी, मसाल, दुवै नेकपा बीच भएको सहमतिले क्रान्तिकारी पार्टी र जनपंक्तिमा एउटा उत्साह र आसाको संचार भएको छ। यो महान सुरुवातलाई तार्किक निस्कर्षमा पुऱ्याउन सबै क्रान्तिकारीहरूले आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका खेल्न जरुरी छ । सबै पार्टी तथा समूहभित्र रहेका युवाहरूले त्यसका लागि आफ्नो भूमिका र गतिसिलता बढाउन जरुरी छ ।

दस बर्से जनयुद्धले धक्का खाएको स्थिती, प्रतिक्रियावादी, संसोधनवादी तथा अवसरवादी हरू संगठित रहेको र चौतर्फी घेरावन्दी गरेको अबस्थामा क्रान्तिकारीहरू बिचको एकता अपरिहार्य बनेको छ । क्रान्तिकारी आन्दोलन भित्र रहेको निराशा, पलायनता र निस्क्रियातालाई हटाएर जनतामा रहेको अविश्वासलाई पनि विश्वासमा बदल्नका लागि क्रान्तिकारीहरू बिचको एकता जरुरि बनेको छ । यसको गहिरोबोध सबै पार्टी भित्रका क्रान्तिकारीहरूले गर्न जरुरी छ । क्रान्तिको भविष्यलाइ केन्द्रमा राखेर आ-आफ्ना बुझाईका सिमा रेखा भत्काउदै नयाँ र क्रान्तिकारी कार्यदिशाका आधारमा बृहत एकताको वातावरण निर्माण गरिन जरुरी छ ।

नेपाली समाजको स्वरूपको विश्लेषण र क्रान्तिको आम कार्यदिशाको निर्धारण गर्न सबै क्रान्तिकारीहरूले खुल्ला रूपमा छलफल चलाउन तयार हुनुपर्छ । नेपाली समाज अहिले कुन चरणमा छ र कुन चरणमा कस्तो क्रान्तिको मोडेल अखितयार गर्न सकिन्छ भन्ने विषयमा खुल्ला बहस गर्न जरुरी छ । क्रान्तिकारी माओवादी लगायत मसाल र ऋषि कट्टेलको पार्टीले पनि नयाँ जनवादी क्रान्तिकै वकालत गरेको छ भने विप्लबको नेकपाले पनि संक्रमणकालिन हुने भन्दै जनवादी क्रान्तिलाइ स्वीकारेको देखिन्छ । जनवादी क्रान्ति पश्चात जाने भनेको बैज्ञानिक समाजवादमा नै हो । यसमा कसैको दुईमत हुन सक्दैन । यो नै पार्टी एकताको पहिलो सैद्धान्तिक आधार हुन सक्छ। सैद्धान्तिक सवालसंगै जोडिएर आउने अन्य विषयमा पनि क्रान्तिको भबिष्य र आवश्यकतालाई केन्द्रमा राखेर छलफल चलाएपछि धेरै विषयको सहजै निकास निकाल्न सकिन्न्छ । तर एकताको आधार भनेर आ-आफ्नै पार्टीका डम्फु मात्र बजाउने हो भने चाँही एकताको कुरा नारा र हल्ला मात्र सिमित हुने निश्चित छ ।

**परिवर्तनको सम्वाहक**

मूलबाटो

**सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।**

www.moolbato.com

# जनयुद्धमा धोकाधडी र गद्दारी : एक चर्चा

**● प्रभाकिरण ●**

नेपाली महान् जनयुद्ध १० वर्षसम्म निरन्तर रूपमा विकास हुँदै अगाडि बढ्यो । अस्थायी आधार इलाका, नियमित जनमुक्ति सेना र जनसत्ता यसका उपलब्धिका रूपमा रहेका थिए। प्रतिक्रियावादी सत्ताका सेना सहर, सदरमुकाम र व्यारेकमा सिमित हुन पुगेको थियो भने प्रतिक्रियावादी सत्ता सहर र सदरमुकाममा सिमित भएको थियो । पार्टीभित्र यसै बेला राजनीतिक विवादको उठान गर्ने काम भयो । नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न लोकतान्त्रिक गणतन्त्र अनिवार्य उपचरण हुने जस्ता व्याख्या गर्ने काम बाबुरामबाट भयो ।

चुनवाङ बैठकमा लोकतान्त्रिक गणतन्त्रलाई नयाँ जनवादी क्रान्तिको लागि उपचरण नभनिएतापनि यसलाई न बुर्जुवा संसदीय गणतन्त्र न नयाँ जनवादी गणतन्त्र भन्दै संक्रमणकालीन गणतन्त्रको रूपमा व्याख्या गरियो । वास्तवमा लोकतान्त्रिक गणतन्त्रलाई कार्यनैतिक नारा भनिए तापनि यसलाई संक्रमणकालीन गणतन्त्रको रूपमा गरिएको व्याख्याले मुलभूतरूपमा यसलाई उपचरणकै रूपमा स्वीकार गर्ने काम भयो । जुन कुराले बाबुरामजीलाई पनि सन्तुष्ट पार्न सक्यो । यसरी प्रचण्डले बाबुरामजीको राजनैतिक लाइनलाई आफ्नो जस्तो बनाएर पेश गरे । तर यस विषयमा त्यतिवेला बैठकमा उपस्थित नेताहरू कसैले पनि यसरी हेरेनन्, सामान्य रूपमा संक्रमणको अर्थमा मात्र लिए । तर शान्तिप्रक्रियामा आइसकेपछि बालाजु बैठकमा भने यो विषय गम्भीर रूपमा क.किरणले उठाउनु भयो र लोकतान्त्रिक गणतन्त्र कुनै संक्रमणकालीन गणतन्त्र नभएर बुर्जुवा संसदीय गणतन्त्र नै रहेको कुरा स्पष्ट पार्नु भएको थियो ।

आज कथित २०७३ असोजको संविधानको घोषणा र यस संविधानले लोकतान्त्रिक गणतन्त्र वास्तवमा बुर्जुवा संसदीय गणतन्त्र रहेको पुष्टि गरेको छ । यसको निर्माणमा पुराना प्रतिक्रियावादीहरू तथा प्रचण्ड र बाबुरामहरूले उत्साहपूर्ण सहभागिता जनाएका हुन् । त्यसैले हिजो जसरी लोकतान्त्रिक गणतन्त्रलाई संक्रमणकालीन गणतन्त्रको रूपमा व्याख्या गरिएको थियो, त्यो वास्तवमा कुनै संक्रमणकालीन वा उपचरण केही पनि थिएन, वास्तवमा त्यो बुर्जुवा संसदीय गणतन्त्र नै रहेको कुरा घाम जत्तिकै छर्लङ्ग भइसकेको अवस्था छ।

हिजो प्रचण्ड बाबुरामहरूले जसरी विचारको विकास र नयाँ तरिकाका कुराको वकालत गर्ने गरेका थिए, सायद लोकतान्त्रिक गणतन्त्रको उपचरणको कुरा पनि नयाँ तरीका र विचारको विकासको रूपमा अगाडि सारेका विषय वस्तुहरू हुन पनि सक्ला रे, एकछिनका लागि मानौं । तर यो कथित नयाँ तरीका र नयाँ विचार व्यावहारिक रूपमा उही पुरानो बुर्जुवा संसदीय गणतन्त्र रहेको पुष्टि भइसकेपछि इमान्दारिता र नैतिकताको सानो अंश बाँकी रहेको भए हिजोका दिनमा भएका गल्तीकमजोरीलाई बाबुराम प्रचण्डहरूले साँच्चै गल्ती भएको स्वीकार गर्न सक्नु पर्थ्यो र स्वीकारेर गल्ती सच्याउँदै जानुपर्थ्यो ।

बाबुराम प्रचण्डहरू गल्तीलाई गल्ती भएको स्वीकार्ने पक्षमा नै छैनन् । बरु उनीहरू पुरानो संसदीय बुर्जुवा गणतन्त्रलाई नै आफ्नो लक्ष्य बनाइसकेका छन् । आज बाबुराम आफूलाई कम्युनिष्ट हुँ भन्न छोडिसकेको छ, जबकि उनले जनयुद्धको समयमा आफूलाई पार्टीभित्रका विचारक ठान्दथे भने प्रचण्ड हिजो आफैले प्रतिक्रियावादमा पतन भइसकेको भनिएको एमालेसंग घाँटी जोड्न पुगेको छ। एमालेले आफ्नो नीति, कार्यक्रम र विचारमा कुनै परिवर्तन गरिसकेको अवस्था छैन, बरु बहुदलीय जनवादको नाममा संसदीय व्यवस्थालाई आफ्नो आदर्शको रूपमा व्यावहारिक रूपले प्रयोग गर्दै आएको छ । बाबुराम प्रचण्डहरूले तत्कालीन नेकपा (माओवादी)का सम्पूर्ण नीति, कार्यक्रम र विचार छोडेर संसदीय व्यवस्थालाई

**हामीले जनयुद्धकै दौरानमा क्रान्ति मुखमुखसम्म र प्रतिक्रान्ति घाटीघाटीसम्म आएको हुन्छ भन्ने गर्थ्यौं अथवा हरेक क्रान्तिले प्रतिक्रान्तिलाई पनि आफुसंगै जन्माउदै लगेको हुन्छ । क्रान्ति अगाडि बढ्दै गएपछि प्रतिक्रियावादी राज्यसत्ताले क्रान्तिको दमनका लागि झन् बलियो राज्ययन्त्र बनाउँदै लग्यो ।**

आफ्नो लक्ष्य बनाइसकेपछि कम्युनिष्ट नरहेको घोषणा गर्न र नेपालमा दुईवटा एमालेको आवश्यकता छैन भन्ने कुराको पुष्टि गर्दै प्रचण्डहरू एमालेसग घाँटी जोड्न पुग्नु अस्वाभाविक होइन ।

यद्यपि प्रचण्ड बाबुरामहरू आफूहरूलाई संसदीय व्यवस्थाको पक्षधर नरहेको कुरा पनि भन्न छोडेका भने छैनन् । उनीहरूका भनाइमा संसदीय व्यवस्था भनेको प्रधानमन्त्रीय प्रणाली हो, जसमा प्रधानमन्त्री संसदको बहुमतले चुन्छ, र अल्पमत विपक्षीको रूपमा रहन्छ । उनीहरू प्रधानमन्त्रीय प्रणाली होइन राष्ट्रपतीय प्रणालीका पक्षमा रहेको दावा गर्छन्, जसमा राष्ट्रपति जनताबाट प्रत्यक्ष रूपमा चुनिन्छ । सवाल यहाँ राष्ट्रपतीय प्रणाली र प्रधानमन्त्रीय प्रणालीका आधारमा संसदीय व्यवस्था हुने नहुने कुरा होइन । मूलभूत रूपमा बुर्जुवा व्यवस्थालाई संसदीय व्यवस्थाको रूपमा स्वीकार्दै आएको अवस्थामा बुर्जुवा व्यवस्थाभित्र कुन प्रणाली अपनाउने भन्ने कुराले तात्विकरूपमा कुनै फरक पार्दैन । प्रधानमन्त्रीय प्रणाली भए पनि राष्ट्रपतीय प्रणाली भए पनि पुरानै बुर्जुवा गणतन्त्र वा संसदीय व्यवस्था नै हो ।

तर प्रचण्ड बाबुरामहरूले संसदीय वा बुर्जुवा गणतन्त्रलाई कहिलेबाट आफ्नो राजनैतिक लक्ष्य बनाएका हुन् भन्ने प्रश्न भने साँच्चै गम्भीर रहेको छ। के उनीहरूले जनयुद्ध सुरु गर्न अगाडिबाटै बुर्जुवा गणतन्त्रलाई लक्ष्य बनाएका थिए ? वा जनयुद्धका क्रममा युद्धबाट थाकी प्रतिक्रियावादीहरूसँग सम्झौता गरेर 'सेफ ल्याण्डिङ्ग' गर्न ? वा शान्तिप्रक्रियामा आएपछि ? शान्तिप्रक्रियामा आएपछि आफ्नो लक्ष्य परिवर्तन गरेको जस्तो देखिए तापनि यो यथार्थ होइन । शान्तिप्रक्रियामा आउनु अगाडि नै उनीहरूले आफ्नो लक्ष्य परिवर्तन गरेको देखिन्छ । राजनैतिक रूपबाट हेर्दा बाबुरामले लोकतान्त्रिक गणतन्त्रलाई नयाँ जनवादी गणतन्त्रको उपचरणको रूपमा ल्याउनु तथा बाबुराम र प्रचण्डको सम्झौता अनुसार चुनवाङ्ग वैठकमा लोकतान्त्रिक गणतन्त्रलाई संक्रमणकालीन गणतन्त्रको रूपमा ल्याउनु वास्तवमा लक्ष्य परिवर्तनको स्पष्ट संकेत देखिन्छ । चुनवाङ्ग बैठकका वेला मूलरूपमा क.किरण र क.सिपी भारतको जेलमा पर्नु भएकोले अनुपस्थित हुनुहुन्थ्यो बाँकी झण्डै जसो सबै बैठकमा थिए । तर त्यतिवेला कसैबाट पनि आशंकैको कोणबाट पनि यसरी कुरा उठेन । पार्टीभित्रको दुईलाइन संघर्षले पार्टी फुटको त्रासको वातावरण पनि थियो । यस बीचमा विचारलाई पूरै भावनाले छोप्ने काम भयो, बैठक रुवावासीमा परिणत भयो र प्रचण्डको महिमामण्डित गर्ने काम भयो ।

चुनवाङ्ग बैठक अगाडि पिली सफल फौजी कारबाही सम्पन्न भएको थियो । यसभन्दा अगाडि रुकुमको खारा व्यारेकमा आक्रमण गरिएको थियो । सायद जनयुद्धका दौरानमा प्रचण्ड सुप्रिम कमाण्डर भए पनि पहिलो र अन्तिम रूपमा युद्धको प्रत्यक्ष कमाण्ड खाराको युद्धमा गरे र यस युद्धमा जनमुक्ति सेनाको नराम्रोसँग पराजय भयो । यस लडाइँको परिणामलाई लिएर प्रचण्ड पानीमाथिको ओभानो बने र हारको दोष अर्काको थाप्लोमा पारे । पिलीबाहेक खारा कारबाही वरिपरि कुनै पनि फौजी कारबाहीहरू राम्ररी सम्पन्न भइरहेको थिएन। फेरि पनि जोड ठूल्ठूला कारबाहीतिर केन्द्रित थियो । पार्टीभित्र विवादको स्थिति, भारतमा पार्टी केन्द्रको बैठकमा जाँदा एकपक्षको जस्तो दखिने थुप्रै साथीहरूको गिरफ्तारी, क.किरण र क.गौरव भारतीय जेलमा रहनु, चुनवाङ्ग बैठक सम्पन्न भएर पार्टीभित्र विवाद टुङ्गेकोजस्तो देखिनु, दिल्लीमा १२ बुँदे सम्झौता हुनु आदि अन्ततः प्रचण्ड र बाबुरामहरूबाट नयाँ जनवादी क्रान्ति र महान् जनयुद्ध प्रति गद्दारी र धोकाधडी भएको स्पष्ट रूपमा देखिन्छ।

क. मार्क्सले आफ्नो कृति लुइस बोनापार्टको अठारौं ब्रुमेयरमा भन्नुभएको छ– सबै क्रान्तिहरूले राज्ययन्त्रलाई नष्ट पार्नुको साटो यसलाई झन् परिष्कृत तुल्याएका छन् । हामीले जनयुद्धकै दौरानमा क्रान्ति मुखमुखसम्म र प्रतिक्रान्ति घाटीघाटीसम्म आएको हुन्छ भन्ने गर्थ्यौं अथवा हरेक क्रान्तिले प्रतिक्रान्तिलाई पनि आफुसंगै जन्माउदै लगेको हुन्छ। क्रान्ति अगाडि बढ्दै गएपछि प्रतिक्रियावादी राज्यसत्ताले क्रान्तिको दमनका लागि झन् बलियो राज्ययन्त्र बनाउँदै लग्यो । जनयुद्ध सुरु हुँदा ४० हजारको तत्कालीन शाही सेनालाई ९५ हजारमा पुग्यो, सशस्त्र पुलिस फोर्स निर्माण गर्ने तथा सोही अनुसारको हातहतियारले सुसज्जित गर्ने काम भयो। प्रचण्ड बाबुरामहरूले यसका विरुद्ध लड्ने आँट गरेनन् बरु आफै प्रतिक्रान्तिका सर्दार बने। इतिहासको विडम्वना भनौं प्रचण्ड र बाबुरामले पार्टीभित्र पनि गोप्य राखेको विषय वस्तु बाबुरामका गुरु एसडी मुनीले प्रचण्ड र बाबुरामले नेपालमा संकटकाल लागू भएपछि तत्कालीन भारतीय प्रधानमन्त्री पीभीनरसिंह रावलाई भारतको हित विपरीत कुनै पनि कामकारबाही नगर्ने प्रतिबद्धतासहितको पत्र बुझाएको कुराको खुलासा शान्तिप्रक्रियाको वेला गरे ।

पार्टी र क्रान्तिको नेतृत्वको महत्व कति गम्भीर हुँदोरहेछ भन्ने कुरा हाम्रै इतिहासले हामीलाई पाठ सिकाएको छ। कुनै व्यक्ति सक्षम र चलाख हुनु एउटा हुँदोरहेछ तर सर्वहारा वर्गप्रतिको निष्ठा र इमान्दारिता भन्ने कुरा अर्को हुँदोरहेछ भन्ने कुरा पनि जनयुद्ध र माओवादी पार्टीको इतिहासले देखाएको छ । जनयुद्धभन्दा अगाडि गरेको सबै प्रतिबद्धता रद्दीको टोकरीमा मिलाउने काम प्रचण्ड र बाबुरामहरूबाट भयो । यदि नेतृत्व आफ्नो वर्गप्रति निष्ठावान र इमान्दार छैनन् भने उनीहरू जतिसुकै सक्षम र चलाख भएतापनि तिनीहरूबाट क्रान्तिलाई विजयसम्म पुऱ्याउँदैनन्, बीचमा आत्मसमर्पण गरी आफ्नो निजी सुखसयलको जीवनतिर लागेर देश र जनतालाई धोका दिन्छन् र गद्दारी गर्छन् भन्ने कुरा हाम्रै जीवनमा हामीले देख्यौं र भोग्यौं । त्यसैले नेतृत्वको प्रधानपक्ष सर्वहारा वर्गप्रतिको निष्ठा तथा इमान्दारिता हो र साथै नेतृत्व सक्षम र चलाख पनि हुनै पर्दछ ।

## क्रान्तिका...

जनसाँस्कृतिक महासंघले संयुक्त रूपमा आयोजना गरेको उक्त प्रतिरोध दिवस कार्यक्रममा पार्टी पिविएम तथा ३ नं. प्रदेश सचिव दिनेश शर्मा'सागर', पार्टी केस सोमान तामाङ, जनसाँस्कृतिककर्मी तथा साहित्यकार डा.ताराकान्त पाण्डेलगायतले पनि महत्वपूर्ण मन्तव्य राख्नुभएको थियो । पार्टी केस तथा जनसाँस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीले अध्यक्षता गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन पार्टी केस प्रा.डा. जगदीशचन्द्र भण्डारीले गर्नुभएको थियो भने कार्यक्रममा जनसाँस्कृतिक महासंघकी नेतृ तथा ३ नं. प्रदेश संयोजक गौरी दाहालले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा सामना साँस्कृतिक परिवार र सन्च्याङ परिवार काभ्रेका कलाकारहरूले क्रान्तिकारी गीत तथा नृत्य प्रस्तुत गर्नुभएको थियो। अनेकोटमा सहादत प्राप्त सहिदहरूमध्ये कार्यक्रममा उपस्थित च्याङ्वा लामाकी छोरीलाई सम्मान गरिएको उक्त कार्यक्रममा कवि/कवियत्रीहरू मित्रलाल पंज्ञानी, इन्दिरा अधिकारी, गौरी दाहाल, विष्णु न्यौपाने, शिला योगीलगायतले कविता वाचन गर्नुभएको थियो।

कार्यक्रममा क्रान्तिकारी माओवादीका पिविएम पवनमान श्रेष्ठ, केसहरू हस्तबहादुर केसी, शारदा महतलगायत नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

विभिन्न जिल्लाहरूमा पनि मनाइयो साँस्कृतिक प्रतिरोध दिवस

काभ्रेको अनेकोट र देशका विभिन्न स्थानहरूमा शहादत भएका सा'स्कृतिक सेनाहरूको सम्झनामा सा'स्कृतिक प्रतिरोध दिवस पोखरामा भव्य रूपमा सम्पन्न भएको छ । सा'स्कृतिक मोर्चाका केन्द्रिय नेता परशुराम कोइरालाको अध्यक्षतामा संम्पन्न उक्त कार्यक्रमको सञ्चालन राम पुनले गर्नु भएको थियो। उक्त कार्यक्रममा ने. के. पा. (क्रान्तिकारी माओवादी) पोलिटब्यूरो सदस्य तथा ४ नं. प्रदेश सचिव कमरेड श्याम, पोलिटब्यूरो सदस्य तथा देजमो नेपाल ४ नं. प्रदेश संयोजक कमरेड केशवहादुर परियार, पार्टी केन्द्रिय सदस्य कमरेड अरुण लगायत जबस मोर्चाका नेताहरू, पार्टी जिल्लाका नेताहरूको उपस्थिती रहेको थियो ।

जनमुक्तिको आवज बुलन्द गर्दै न्याय मुक्ति र स्वतन्त्रताका निम्ति विद्रोहको संगीत गुन्जाउदै सबै खाले विभेदको पर्खाल भत्काएर सुन्दर अनि सर्मद्ध नेपाल बनाउने मिठो सपना स'ाचेर जनमुक्तिको यात्राको क्रममा २०५५ साल चैत्र ५ गते काभ्रे जिल्लाको अनेकोटमा देश र जनताको मुक्तिको निम्ति आपनो जिवनको प्रवाह नगरी जीवन आहुति दिनुहुने महान शहिदहरूमा हार्दिक श्रद्धाञ्जली अपर्ण गरियो ।

नवलपरासीबाट सहकर्मी रवि पाण्डेले पठाएको समाचार अनुसार नेकपा (क्रान्तिकारी माओवादी) नवलपरासीले सांस्कृतिक प्रतिरोध दिवस मनाएको छ। सो पार्टीले सोमवार बर्दघाटमा एक कार्यक्रम आयोजना गरी प्रतिरोध दिवस मनाएको हो । कार्यक्रममा पार्टीका जिल्ला सचिव सिबी थापाले १९ बर्ष अघि २०५५ साल चैत्र ५ गते काभ्रेको अनेकोटमा भएको जनकलाकारहरूको हत्या भएको दिनको स्मरणमा दिवस मनाइएको जानकारी दिनुभयो। त्यो सो कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य बृजदेव पाण्डे, जिल्ला अध्यक्ष चुडामणि भण्डारी, नेता छबिलाल खरेल, बर्दघाट नगर अध्यक्ष राजुप्रसाद खनाललगायतले सम्बोधन गर्नुभएको थियो । कार्यक्रम क्रान्तिकारी माओवादीका जिल्ला सचिव सिबी थापाको अध्यक्षता भएको थियो । त्यस्तै देजमो नेपाल नवलपरासीको सोही क्रममा भएको बैठकले चैत्र २१ गते देजमोको जिल्ला भेला गर्ने निर्णय समेत गरेको जनाइएको छ।

त्यसैगरी मकवानपुरबाट प्राप्त समाचार अनुसार मकवानपुरमा साँस्कृतिक प्रतिरोध दिवसका साथमा लोकेन्द्र वाइवा स्मृति शोकसभा सम्पन्न गरिएको छ । क्रान्तिकारी माओवादीका जिल्ला सेक्रेटरी बादलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त प्रतिरोध दिवस तथा शोक सभा कार्यक्रममा वैदेशिक रोजगारीको सिलसिलामा १५ फागुनमा मलेशियामा दिवंगत भएका पार्टी सदस्य लोकेन्द्र वाइवाका बुवा वलवीर वाइवा, आमा सरीमाया वाइवालगायत आफन्तजनहरूलगायतको उपस्थिति रहेको थियो । पार्टीका ३ नं. प्रदेश सदस्य विजयको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको संचालन मनकुमार (चे)ले गर्नुभएको थियो भने पार्टी जिल्ला सचिवालय सदस्य पारसलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी बाँके र बर्दियामा पनि साँस्कृतिक प्रतिरोध दिवस भव्य रूपमा सम्पन्न भएको खबर छ ।

# नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा

"मार्क्सले आफ्नो भौतिकवादी द्वन्द्ववादी विश्वदृष्टिकोणका सबै मान्यताहरूको नितान्त अनुरूप सर्वहाराको कार्यनीतिको आधारभूत लक्ष्य निर्धारण गर्नु भएको थियो । कुनै समाजमा विना कुनै अपवाद सबै वर्गहरूका आपसी सम्बन्धहरूको कुल योगको केवल वस्तुपरक गणना र फलतः त्यस समाजको विकासको वस्तुपरक चरणको गणना तथा त्यो एवम् अन्य समाजका आपसी सम्बन्धहरूको गणनाले नै अग्रगामी वर्गको सही कार्यनीतिका लागि आधारको काम गर्न सक्तछ । यसका साथै सबै वर्ग र सबै देशलाई गतिहीन रूपमा होइन अपितु गतिशील रूपमा, अर्थात् जडताको अवस्थामा होइन अपितु गत्यात्मकताको अवस्थामा (जसका नियम हरेक वर्गको अस्तित्वका आर्थिक स्थितिद्वारा उत्पन्न हुन्छन्) बुझ्नु पर्दछ । फेरि गत्यात्मकतालाई अतीतको दृष्टिकोणबाट होइन, अपितु भविष्यको दृष्टिकोणबाट पनि र साथै मन्दपरिवर्तनका रूपमा हेर्ने "विकासवादी" हरूको भद्दा अवधारणा अनुसार होइन अपितु द्वन्द्वात्मक रूपमा बुझ्नु पर्दछ ।" ***- व्लादिमिर इल्यिच लेनिन***



## *(२०७४ असोज २२ देखि २६ गतेसम्म सञ्चालित राष्ट्रिय सम्मेलनमा तत्कालीन अध्यक्ष क. किरणद्वारा प्रस्तुत तथा पारित)*

१-हाम्रो पार्टीले नेपालको सामाजिक तथा आर्थिक स्वरूपलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा क्षेत्रीय विविधताले युक्त अर्धसामन्ती तथा अर्ध/नवऔपनिवेशिक अवस्थामा रहिआएको भनेर स्वीकार गरेको र देशलाई यस प्रकारको अवस्थाबाट मुक्त गर्नका लागि नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्ने आम कार्यदिशा तथा लक्ष्य निर्धारित गर्दै आएको कुरा स्पष्ट नै छ । सामान्यतः निरंकुश पञ्चायती राजतन्त्रात्मक कालदेखि नै र विशेषतः गणतन्त्रको स्थापना भएयता मुख्यतः दक्षिणपन्थी संशोधनवादीहरूले नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूरा भइसकेको छ र अब समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्नु पर्दछ भनी नाना तरहका विभ्रम खडा गर्दै आएको र विश्व तथा नेपालमा पनि मात्रात्मक रूपमा केही फेरबदल भएको स्थितिमाथि आवश्यक ध्यान दिँदै नेपाली समाजको स्वरूपबारे गम्भीर अध्ययन गरी पार्टीको आम कार्यदिशालाई अझै परिमार्जन तथा समृद्ध तुल्याउन जरुरी देखिन्छ ।

यस प्रकारको उद्देश्य पूरा गर्नका लागि उक्त उद्धरणमा अभिव्यक्त महान् लेनिनका सारगर्भित भनाइलाई राम्रोसित हृदयंगम गर्नु आवश्यक छ । सो उद्धरणमा लेननले अग्रगामी वर्गको सही कार्यनीतिक लक्ष्य अर्थात् आम कार्यदिशा र लक्ष्य निर्धारण गर्नका लागि मार्क्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण अनुसार कुनै देशको सम्बन्धित समाजका वर्गहरूको आपसी सम्बन्ध, विश्व सम्बन्ध र क्रान्तिका चरणको गणनालाई आधार मानेर चल्नु पर्ने कुरा बताउनु भएको छ । साथै, वहाँले त्यसमा सम्बन्धित समाज र विश्वलाई गतिहीनता, जडता र अतीतमुखी दृष्टिले हेर्ने भद्दा विकासवाद अर्थात् अधिभूतवाद होइन, गतिशीलता, आर्थिक स्थितिद्वारा वर्गहरूको अस्तित्व निर्धारित हुने नियम र भविष्यमुखी दृष्टिले हेर्ने तथा छलाङ्लाई आधार मानेर चल्ने द्वन्द्ववादका आधारमा बुझ्नु पर्ने कुरामा विशेष जोड दिनुभएको छ । हामीले लेनिनका उक्त भनाइलाई राम्रोसित आत्मसात् गरी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणका आधारमा नेपाली समाजको स्वरूपलाई राम्रोसित ठम्याएर नै पार्टीको आम कार्यदिशालाई समृद्ध तथा परिमार्जित तुल्याउन सक्तछौं ।

२-नेपालको आर्थिक सामाजिक संरचना र उत्पादन सम्बन्ध इतिहासका विभिन्न मोडहरूका बीचबाट विकसित हुँदै आएको छ । यी मोडहरूलाई मूलतः यसरी प्रस्तुत गर्न सकिन्छ- क) प्रारम्भदेखि केन्द्रीय तथा एकात्मक राज्य स्थापना प्रक्रियासम्म, ख) सुगौली सन्धिदेखि २००७ सालसम्म, ग) २००७ सालदेखि २०४६ सालसम्म र घ) २०४७ सालदेखि हालसम्म । यी मोडहरूमा नेपाली समाजको स्वरूप निरन्तर बदलिँदै आएको छ । इतिहासका यी मोडहरूबारे संक्षिप्त अवलोकन गर्न आवश्यक छ ।

३- नेपाल नेग्रिटो, अष्ट्रोलोयड, मंगोल र आर्य प्रजातिका मानव समुदायको संगमस्थल बन्दै मातृ तथा पितृसत्तात्मक कविलातन्त्रीय अवस्थाका बिचबाट भौगोलिक तथा सामाजिक विविधताका साथ वर्गहरूको उदयसहित राज्यसत्ता स्थापनाको दिशामा अगाडि बढ्यो । नेपालमा लिच्छविकालमा राजा मानदेवको पालामा सामन्तवादी व्यवस्थाको थालनी भयो । पृथ्वीनारायण शाहको केन्द्रीय तथा एकात्मक राज्यसत्ता स्थापनाको प्रक्रियामा त्यस व्यवस्थाले उत्कर्ष प्राप्त गऱ्यो र त्यो राणाकालसम्म फैलिन पुग्यो । नेपालमा कृषि र पशुपालनका साथमा काठ, माटो, धातु, कपडा, राडीपाखी लगायत साना, घरेलु, शिल्पी तथा हस्तकलामा आधारित रपछिल्लो कालमा हतियार निर्माण सम्बन्धीउद्योग व्यवसायहरूको विकास भयो । त्यो बेला भूमि व्यवस्था मुख्यतः सामन्ती स्वामित्वमा आधारित थियो र त्यो राज्य, सामुदायिक तथा व्यक्तिगत स्वामित्वसित जोडिएको थियो । पछिल्लो अवधिमा नेपाली भूमि व्यवस्था विर्ता, जागिर तथा रकम प्रणालीमा पनि विकसित भयो । यस क्रममा मुख्यतः वस्तुविनिमय प्रणाली र साथै मुद्राको चलन पनि चल्दै गयो । नेपालको आन्तरिक व्यापार देशका विभिन्न भाग र बाह्य व्यापार भारत तथा तिब्बतसित हुने गर्दथ्यो । यसै लामो प्रक्रियामा व्यापारिक तथा सुदखोर पुंजीको विकास हुँदै गयो । समग्रमा देश मूलतः स्वतन्त्र, आत्मनिर्भर तथा प्राकृतिक अर्थतन्त्रमा आधारित सामन्तवादी अवस्थामा रह्यो ।

४- सन् १८१६ को सुगौली सन्धिदेखि राणाशासनको उदय र अन्तसम्मका अवधिमा नेपाली समाज अर्ध औपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा बदलिन पुग्यो । यस सन्धिले एकातिर देशको स्वतन्त्र तथा आत्मनिर्भर अर्थतन्त्रमाथि गम्भीर धक्का पुऱ्यायो भने अर्कोतिर देशीय सामन्तवाद र ब्रिटिश साम्राज्यवादका बिच साँठगाँठको प्रक्रियालाई अगाडि बढायो । यसैबेला गोर्खा भर्तीकेन्द्रको स्थापना गरियो ।यसै क्रममा सन् १९२३ मा व्यक्तिगत स्वामित्वमा परिणत हुँदै गएको रैकर जग्गालाई किनबेच गर्न पाइने कानुन बनाइयो र सन् १९२३ मै ब्रिटिश भारतसित सन्धि गरी व्रिटिश-भारतका फ्याक्ट्रीहरूमा निर्मित सामानहरूलाई निर्बाध रूपमा नेपालमा आयात गरिने व्यवस्था मिलाइयो । यसै अवधिमा राणाहरूद्वारा करोडौंको नेपाली सुन, चाँदी तथा नगदलाई भारतीय बैंकमा राखियो । दोस्रो विश्वयुद्धको प्रक्रियामा जुद्ध शमशेरको पालामा उद्योग परिषद निर्माण गरियो र जुट, सलाई, कपडा, लगायतका एक दर्जनभन्दा बढी औद्योगिक प्रतिष्ठानहरू खोलिए । ती प्रतिष्ठानहरू ब्रिटिश-भारतकै नियन्त्रण र निगरानीमा थिए । सन् १९५० सम्म आउँदा भूमिव्यवस्थाको स्थिति रैकर ५० प्रतिशत, विर्ता ३६.३ प्रतिशत, गुठी ४.० प्रतिशत, जागिर, राज्य तथा रकम ७.७ प्रतिशत रह्यो । यस अवधिमा नेपाली समाजको संरचना र उत्पादन सम्बन्ध अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा परिणत हुन पुग्यो ।

५-सन् १९४७ मा ब्रिटिश साम्राज्यवाद भारतबाट फिर्ता भयो । साम्राज्यवादले दोस्रो विश्वयुद्ध पश्चात् प्रत्यक्ष उपनिवेशवादको सट्टा नव-उपनिवेशवादको बाटो पकड्यो । ब्रिटिश साम्राज्यवादले नेपालमा जुन हस्तक्षेप तथा उत्पीडन कायम गर्दै आएको थियो, त्यसको उत्तराधिकार भारतीय विस्तारवादले प्राप्त गऱ्यो । अब नेपाल अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा मात्र होइन नव-औपनिवेशिक अवस्थामा समेत फेरिँदै गयो ।

सन् १९५० मा भारतसित असमान सन्धि गरियो । त्यसले भारतीय शासक वर्गलाई नेपालमा बसोबास गर्न, उद्योग-व्यवसाय खोल्न, व्यापार गर्न तथा बेरोकटोक आवतजावतका लागि छुट दियो र नेपालमाथि विस्तारवादी एकाधिरकारवादलाई स्थापित गरिदियो । सन् १९५४ मा कोशी तथा सन् १९५९ मा गण्डक सम्झौता गरी जलस्रोतमाथि भारतलाई कब्जा जमाउन दिइयो । सन् १९६० को व्यापार तथा पारवहन सन्धिले नेपालको समुद्रपारको मुलुकहरूसित गर्ने व्यापारलाई अवरोध पैदा गऱ्यो र देशको पारवहन अधिकारलाई कुण्ठित तुल्यायो । यो प्रक्रिया जारी रह्यो । सन् १९६५ को नेपाल-भारत सुरक्षा सम्झौताले हातहतियार तथा सैन्य प्रविधिका क्षेत्रमा नेपाललाईभारतको आश्रित बनायो ।

उक्त सन्धिसम्झौताहरू एकातिर देशीय सामन्तवाद तथा भारतीय विस्तारवादका बिचको अपवित्र गठबन्धनका अभिव्यक्ति र अर्कोतिर देशीय सामन्तवादको वैदेशिक प्रतिक्रियावादप्रतिको दलालीकरणका द्योतक पनि हुन् । यसप्रकारका सन्धिसम्झौताको परिणाम नेपालको प्राकृतिक स्रोत साधन तथा सम्पदा हड्प्ने, नेपाललाई भारतको बजार बनाउने, नेपालको आन्तरिक तथा विश्वका अन्य मुलुकसितको व्यापारमा अवरोध खडा गर्ने र नेपालमा राष्ट्रिय पुँजीको सञ्चिति हुन नदिने लगायतका काम हुन गए ।

२०१३ सालमा पहिलो पञ्चवर्षीय योजना बनाई यातायात, सञ्चार, कृषि, उद्योग, ऊर्जा, सिंचाई आदिलाई प्राथमिक स्थानमा राख्ने त भनियो, परन्तु त्यसको कार्यान्वयन भएन । पञ्चायतीकालमा दोस्रोदेखि सातौंसम्मका आर्थिक योजना बनाइए । चीन, अमेरिका लगायतका देशहरूसितको सम्बन्ध पनि बढाइयो । काठमाडौं-कोदारी, पूर्व-पश्चिम लगायतका राजमार्ग पनि बने । सार्वजनिक क्षेत्रमा विभिन्न उद्योगहरूको स्थापना पनि भयो । परन्तु, पञ्चायती व्यवस्थाको अन्त्यतिर उदारीकरणको हावा चल्न थाल्यो ।

२००७ सालयता भूमिसुधार तथा भूव्यवस्था सम्बन्धी कतिपय ऐन तथा आयोग बनाइए । पञ्चायतीकालमा एकातिर विर्ता, रैकर, जागीर, किपट आदि प्रणालीको अन्त्य र अर्कोतिर भूमिसुधार कार्यक्रम लागु गरियो । यसले जमिनदार वर्गमाथि केही प्रहार त गऱ्यो । परन्तु, वास्तविक अर्थमा भूमिसुधार हुन सकेन र यसले मध्यम किसानहरूको सृष्टि गऱ्यो र सानो किसानी जोतलाई मद्दत पुऱ्यायो । पञ्चायती भूमिसुधार पश्चात् भूमिस्वामित्वको स्थिति यस प्रकारको रह्योः

| भूमि मात्रा हेक्टरमा | परिवार प्रतिशत कुल | अधीनस्थ भूमिको मात्रा प्रतिशतमा |
|---|---|---|
| भूमिहीन | १.१७ | ०.०६ |
| ०.५ हेक्टरसम्म | ४२.६२ | ११.२६ |
| ०.५ देखि १ हेक्टरसम्म | २६.१ | १९.२५ |
| १ देखि ५ हेक्टरसम्म | २८.७३ | ५५.५९ |
| १ देखि १० हेक्टरसम्म | ०.१७ | ८.०६ |
| १० देखि माथि | ०.३० | ५.८२ |

*स्रोत : केन्द्रीय तथ्यांग विभाग १९९१ ।*

यहाँ १ हेक्टरभन्दा कम जमिन हुने ७० प्रतिशत परिवारको स्वामित्वमा ३० प्रतिशत जमिन र ३० प्रतिशत परिवारको स्वामित्वमा ७० प्रतिशत जमिन रहेको देखापर्दछ । यसबाट भूस्वामित्वमा असमानता मात्र होइन भूमिको वास्तविक स्वामित्व अझै सामन्त अर्थात जमिनदार वर्गको हातमा रहेको देखिन आउँछ ।

यस अवधिमा नेपालको सामाजिक आर्थिक संरचना र उत्पादन सम्बन्ध अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहनुका साथै भूमण्डलीकृत साम्राज्यवाद तथा नवउदारवादबाट पनि प्रभावित हुन पुगेको छ ।

६- २०४७ साल पश्चात् अर्थात् पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय संसदीय व्यवस्थाको स्थापना लगत्तै नेपाली अर्थतन्त्र भूमण्डलीकृत साम्राज्यवादको नवउदारवादसित बढी जोडिन पुग्यो । देशमा ठूला सार्वजनिक उद्योगहरूको निजीकरण गरिएको छ । विभिन्न क्षेत्रमा विदेशी लगानी र बहुराष्ट्रिय निगमहरूको विस्तार प्रक्रिया बढ्दै गएको छ । कृषि, उद्योग, वित्त, शिक्षा, स्वास्थ्य र सञ्चारका क्षेत्रमा निजीकरण तथा व्यापारीकरण तीव्र बनेको छ । नव-उदारवादी संरचनागत समायोजन कार्यक्रमको कारण कृषिमा दिइने अनुदान, भन्सार, कृषि बजार र समग्र आयात निर्यातमा घातक प्रभाव पर्दै गएको छ । फलतः देश ऋण तथा व्यापार घाटामा डुब्ने र टाट पल्टने स्थितिमा पुग्दैछ । नेपालको अर्थतन्त्रमा वित्तीय क्षेत्रको प्रभुत्व बढ्दै गएको छ । नेपाल राष्ट्रिय होइन, दलाल तथा नोकरशाही पुँजीवादको क्रीडास्थल बन्न गएको छ । २००७ सालदेखि २०४६ सालसम्म नेपालको सामाजिक आर्थिक संरचना र उत्पादन सम्बन्ध अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रह्यो र त्यो २०४७ देखि हालसम्म पनि कायमै छ । हाम्रो अध्ययनयसै अवस्थाको विश्लेषणमा केन्द्रित रहेको छ ।

७- आफ्नो विकासप्रक्रियामा नवउदारवाद साम्राज्यवादसित, साम्राज्यवाद पुँजीवादसित, पुँजीवाद सामन्तवादसित र सामन्तवाद साम्राज्यवादसित जोडिदै विकसित हुन पुगेका छन् । मार्क्सको भनाइ अनुसार सामन्तवाद सानो परिमाणको किसानको खेती र दस्तकारिता मिलेर बनेको हुन्छ । सामन्तवाद विभिन्न ठाउँमा विभिन्न रूपमा अभिव्यक्त हुने गर्दछ । सामान्यतः सामन्तवादमा जमिन प्राप्त गरे वापत किसानले जमिनदारलाई श्रम, जिन्सी वा मुद्रामा कुत बुझाउनुपर्ने र वेठवेगारी अर्थात् अवैतनिक श्रम पनि गर्नु पर्ने हुन्छ ।

सामन्तवादी व्यवस्था अन्तर्गत पनि माल उत्पादन हुन्छ, तर त्यो मुख्यतः बिक्री तथा नाफाका लागि होइन उपभोगका लागि हुने गर्दछ । यसलाई साधारण वा प्रारम्भिक प्रकारको माल उत्पादन भनिन्छ र यो बढीमा माल-मुद्रा-मालको सूत्रमा अभिव्यक्त हुन्छ । मानवजातिको इतिहासमा प्रायशः सामन्तवादकै गर्भबाट पुँजीवाद विकसित भएको पाइन्छ । पुँजीबाट पुँजीवाद जन्मिन्छ । लेनिनको भनाइ अनुसार पुँजीवादको जन्मका लागि पहिलो, अलग अलग व्यक्तिहरूको हातमा एक निश्चित मुद्राराशिको सञ्चयन तथा सामान्यतः माल उत्पादनको विकासको अपेक्षाकृत उच्चस्तर र दोस्रो, दोहोरो अर्थमा स्वतन्त्र मजदुरको अस्तित्वः श्रमशक्तिको बिक्रिमा लगाइने सबै प्रतिबन्धबाट स्वतन्त्र एवम् जमिनबाट तथा सामान्यतः उत्पादनका सबै साधनबाट स्वतन्त्र सम्पत्तिहीन मजदुरको उत्पत्ति हुने ऐतिहासिक परिस्थिति तयार भएको हुनु पर्दछ । यसरी हेर्दा पुँजीवादको जन्मका लागि एकातिर पुँजीको सञ्चय र अर्कोतिर आफ्नो श्रमशक्ति बेचेर बाँच्न बाध्य सर्वहारा मजदुरको अस्तित्व अनिवार्य रूपमा आवश्यक हुन्छ । यस अतिरिक्त पुँजीवादी उत्पादनको मूल विशेषता हो बेच्नका लागि किन्नु । यसलाई मुद्रा-माल-मुद्राको सूत्रमा अभिव्यक्त गर्न सकिन्छ । पुँजीवादी अर्थतन्त्रलाई प्रारम्भमा उदारवाद पनि भनिन्थ्यो । यसको अर्थ निजीकरण र पुँजीको बेरोकटोक विकासका निम्ति राज्यबाट कुनै पनि प्रकारको अवरोध खडा गरिनु हुन्न भन्ने थियो ।

पुँजीवाद विकसित हुँदै जाँदा त्यसले साम्राज्यवादको रूप लियो र लेनिनले त्यसलाई पुँजीवादको चरम अवस्था बताउनु भयो । साम्राज्यवाद र उपनिवेशवादको लामो इतिहास छ, तर जसलाई हामीले साम्राज्यवाद भन्दछौं त्यो लेनिनद्वारा प्रतिपादित शास्त्रीय साम्राज्यवाद हो । उपनिवेशवाद यसै साम्राज्यवादसँग जोडिएको छ । जब साम्राज्यवादले अतिमुनाफाका निम्ति अविकसित मुलुकहरूमा हस्तक्षेप गरी आफ्नो प्रत्यक्ष शासन स्थापना गर्दछ त्यसलाई उपनिवेशवाद भनिन्छ । अनि यसैगरी जब साम्राज्यवादले त्यस प्रकारका अधिकांश देशहरूमा सामन्तवादसित साँठगाठ गरी आफ्नो स्वार्थ पुरा गर्दछ र आफ्नो प्रत्यक्ष शासनसत्ता स्थापना गर्दैन, ती देशहरू अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा परिणत हुन पुग्दछन् । त्यहाँ राष्ट्रिय पुँजीवादको विकास अवरुद्ध हुन्छ र दलाल तथा नोकरशाही पुँजीवादको जन्म हुन्छ । यसैक्रममा विश्वका पिछडिएका एशिया, अफ्रिका र दक्षिण अमेरिकाका अनेकौं देशहरूमा आफ्नो प्रभुत्व कायम गर्नका लागि जब साम्राज्यवादी मुलुकहरूका बिचमा असामान्य अन्तर्विरोध पैदा भए र तिनको समाधानको प्रक्रियामा दुई ठुल्ठुला विश्वयुद्ध हुन पुगे । पहिलो विश्वयुद्धको प्रक्रियामा लेनिनले साम्राज्यवादी युद्धका विरुद्ध गृहयुद्धको नारा दिनु भयो र रुसमा सर्वहारावर्गको नेतृत्वमा समाजवादी क्रान्ति सम्पन्न भयो । दोस्रो विश्वयुद्धको क्रममा फासिवादका विरुद्धको संघर्षमा स्तालिनले नेतृत्व गर्नु भयो र यसैक्रममा चीन, पूर्वी युरोप, उत्तर कोरिया, उत्तर भियतनाम लगायतका अनेकौं देशहरूमा कम्युनिष्ट पार्टीहरूको नेतृत्वमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भए । दोस्रो विश्वयुद्ध पश्चात् साम्राज्यवादद्वारा अविकसित देशहरूमा प्रत्यक्ष उपनिवेशको सट्टा अप्रत्यक्ष रूपमा अर्थात् घुमौरो पाराले नव उपनिवेश कायम गरियो । यसरी नै नेपाल पनि अर्धसामन्ती, अर्धऔपनिवेशिक र नव औपनिवेशिक अवस्थामा बदलिन पुग्यो।

८- सन् १९८० को दशक हुँदै शीतयुद्धको अन्त्यसम्म आउँदा साम्राज्यवादले बाह्य रूपमा आफ्नो कलेवर फेर्दै आयो र त्यो भूमण्डलीकृत साम्राज्यवादका रूपमा प्रकट भयो । भूमण्डलीकृत साम्राज्यवादको निर्माण एकाधिकारी पुँजीवाद, वित्तीयकरण, नवउदारवाद र नवउपनिवेशवाद मिलेर भएको छ । साम्राज्यवादको सारतत्व, लेनिनले भनेझैं, एकाधिकार पुँजीवाद नै हो र त्यसमा कुनै गुणात्मक परिवर्तन भएको छैन । तर त्यसमा थप कुरा के हो भने अर्थतन्त्रको गुरूत्व केन्द्र पछिल्लो कालमा मुख्यतः उत्पादनबाट वित्ततर्फ खस्किन पुगेको छ । यसलाई वित्तीयकरण भनिन्छ र त्यो पुँजी सञ्चितिको एक प्रक्रिया हो । तर बाह्य रूपमा त्यसका विशेषताहरू अन्तर्राष्ट्रियस्तरमा बहुराष्ट्रिय कम्पनीहरूको निर्माण, विकेन्द्रित उत्पादन तथा केन्द्रीकृत नियन्त्रण, उत्तरी गोलार्द्धबाट दक्षिणी गोलार्द्धतर्फ उत्पादनको स्थानान्तरण, श्रमशक्तिको अन्तर्राष्ट्रियकरण, नवउदारवादी अर्थतन्त्र, खुलाबजार व्यवस्था, अर्थतन्त्रमा राज्यको गौण भूमिका - आदिमा अभिव्यक्त भई केही फेरबदल भएका छन् । नव उदारवादी अर्थतन्त्रलाई प्रयोगमा ल्याउनका लागि कतिपय देशहरूका बिचमा वाशिङ्गटन सहमति कायम गरियो । अनि त्यसकै आधारमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायतका संस्थाहरूद्वारा संरचनागत समायोजन कार्यक्रम (क्तचगअतगचबौ ब्मवगकक्तभलत एचयनचबकभ) बनाई नवउदारवादलाई कार्यान्वयन गर्ने निर्णय लिइयो । थ्याचर-रेगन कालमा नवउदारवादको कुनै विकल्प छैन भनेर ढोल पिट्ने काम पनि गरियो । एकातिर पुँजी सञ्चयको केन्द्रीकरण तथा संकेन्द्रण र अर्कोतिर सम्पत्तिको असमान वितरण, गरीबी, आधारभूत आवश्यकता परिपूर्तिका गम्भीर समस्याका बिचबाट असमाधेय अन्तरविरोधहरू पैदा हुदै आए र तिनको परिणति गम्भीर आर्थिक सङ्कट हुन गयो । संयुक्त राज्य अमेरिकामा २००८ मा पैदा भएको आर्थिक संकट यसै कुराको एक ठोस उदाहरण हो ।

*क्रमशः...*

# इतिहासमा क्रान्तिकारी हिंसाको भूमिका–२

बल-प्रयोगको सवाल कुनै साध्य होइन, बरु साधनको सवाल हो, कुनै साध्य प्राप्तिको लागि उपायको सवाल हो । उपायको सम्बन्धमा मार्क्सवादले कुनै एउटा उपायलाई निरपेक्ष रूपमा लिएको छैन । मार्क्सवाद अनुसार, कुनै उपाय जतिसुकै महत्वपूर्ण भए पनि त्यसको निरपेक्ष स्थान रहेको हुँदैन । त्यसको मत के छ भने परिस्थिति र आन्दोलनको स्थितिको मागलाई हेरेर त्यससित मिल्दो संघर्ष रूप तथा उपायलाई अपनाइनु पर्छ । यस सम्बन्धमा मार्क्सको भनाइ कस्तोसम्म रहेको छ भने जुन ठाउँमा छिटो र निश्चित रूपबाट शान्तिपूर्ण तरिकाले वाञ्छित उद्देश्य हासिल गर्न सकिन्छ, त्यहाँ सशस्त्र विद्रोह, सशस्त्र संघर्ष चलाउनु बिलकुल गलत हुन्छ । यहाँ उहाँले विभिन्न मुलुकहरूका ऐतिहासिक परम्परा, रीतिथिति, संस्थान तथा जनआन्दोलनको स्थितिहरूप्रति ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले त्यसताका अमेरिका, बेलायत र हलैण्डका राष्ट्रिय विशेषता र अन्य स्थितिहरूलाई ध्यानमा राखेर त्यहाँ सत्ता हस्तान्तरणको लक्ष्यलाई शान्तिपूर्ण उपायबाट प्राप्त गर्नसक्ने सम्भावना रहेको ठान्नुभएको थियो । मार्क्सको उपरोक्त किसिमको विचारको सम्बन्धमा लेनिन भन्नुभयो : "……मार्क्सले आफूलाई, वा समाजवादी क्रान्तिका भावी नेताहरूलाई रूपको सवालमा, क्रान्ति सम्पन्न गर्ने उपाय र साधनहरूको सम्बन्धमा वचनबद्ध पार्नु भएन । उहाँले कुन कुरा राम्ररी बभ्फ्नुभएको थियो भने धेरै संख्यामा नयाँ समस्याहरू उत्पन्न हुनेछन्, क्रान्तिको सिलसिलामा सम्पूर्ण परिस्थितिमा परिवर्तन हुनेछ र क्रान्तिको क्रममा पूरै रूपमा र अक्सर गरी परिस्थिति फेरिनेछ ।"(१६६)

संघर्षका विभिन्न रूप तथा उपायहरूको सम्बन्धमा मार्क्सवादको आधारभूत अडान र धारणालाई लेनिनले निम्न रूपमा व्यक्त गर्नुभयो :

"पहिलो कुरा, समाजवादका सबै आदिम रूपहरूबाट मार्क्सवाद कुन कुराले भिन्न छ भने त्यसले आन्दोलनलाई संघर्षको कुनै खास रूपमा आवद्ध गर्दैन । त्यसले संघर्षका अत्याधिक विविध रूपहरूलाई मान्दछ…..तसर्थ, मार्क्सवाद निश्चित रूपबाट संघर्षको कुनै पनि रूपलाई अस्वीकार गर्दैन ।" फेरि "दोस्रो कुरा, मार्क्सवादले संघर्षका रूपहरूको सवालको एकदमै ऐतिहासिक जाँचको अपेक्षा गर्छ……आर्थिक विकासका विभिन्न चरणहरूमा, राजनैतिक, राष्ट्रिय, सांस्कृतिक, जीविका र अन्य अवस्थाहरूमा भिन्नताहरूको आधारमा, संघर्षका विभिन्न रूपहरू अगिल्तिर आउँछन् र संघर्षका प्रमुख रूप बन्छन्, र त्यससित सम्बन्धित भएर संघर्षका गौण, सहायक रूपहरूमा परिवर्तन हुन्छ । विकासको खास चरणमा खास क्षणको ठोस परिस्थितिको विस्तृत जाँच नगरिकन, संघर्षको कुनै खास उपायको प्रयोग गर्न हुन्छ कि हुन्न भन्ने प्रश्नमा हुन्छ वा हुन्न भनेर जवाफ दिन प्रयत्न गर्नुको अर्थ मार्क्सवादी स्थितिको पूरैसित परित्याग गर्नु हो ।"(१६७)

सशस्त्र हिंसा वर्ग-संघर्षभन्दा छुट्टैको कुनै कुरा होइन । त्यो त वर्ग-संघर्षको एउटा रूप मात्र हो, त्यसको उच्चतम रूप हो । यस प्रकारको संघर्षको वर्ग-संघर्षको शिखर-रूप, परकाष्ठा हो । सशस्त्र हिंसा आफैमा कुनै उद्देश्य होइन, कुनै आदर्श होइन, बरु एउटा साधन हो, जसको प्रयोगद्वारा समाजको अग्रगतिमा, त्यसको प्रगति-पथमा रहेका बाधाहरूलाई पन्छाई त्यसको प्रगतिको लागि आवश्यक स्थितिहरूको सिर्जना गरिन्छ । जसरी शल्य चिकित्सकको चक्कुले मानिसको शरीरको स्वस्थ विकासमा रोक्ने बाधाहरूलाई पन्छाएर समाजलाई अगिल्तिर बढाउँछ । प्रतिगामी वर्गहरूको शासनको तख्ता पल्टाउनु, प्रतिक्रान्तिद्वारा गरिने षड्यन्त्र तथा प्रतिरोधलाई खत्तम पार्नु, आदि त्यसका प्रमुख काम हुन् ।

सशस्त्र हिंसालाई जनान्दोलनबाट छुट्टै रूपमा हेर्ने वा जनान्दोलनको विरुद्ध उभ्याउने एउटा प्रवृत्ति पाइन्छ । उक्त प्रवृत्ति कुन कुराप्रतिको अनभिज्ञताको अभिव्यक्ति हो भने सशस्त्र हिंसा जनान्दोलनको तीव्रतरकरण तथा अभिवृद्धिबाट उत्पन्न हुने कुरा हो र जनान्दोलनकै क्रममा नै त्यसको आवश्यक चरित्र हासिल गर्न सक्छ ।

बल-प्रयोग समाजको गर्भबाट बच्चा-जन्माउने धाई हो भन्ने मार्क्सवादी प्रस्थापनामा कुन कुरा रहेको बिलकूल स्पष्ट छ भने भ्रूणावस्था बच्चा-जन्मन योग्यस्तरमा विकसित भएको हुनुपर्छ । त्यसैले, मार्क्सवादीहरू कुन कुरामा जोड दिन्छन् भने जनताले सशस्त्र संघर्षमा, अर्थात् क्रान्तिकारी हिंसामा त्यस स्थितिमा लाग्नुपर्छ र लाग्नु आवश्यक छ, जब उक्त हिंसाले ऐतिहासिक आवश्यकताको रूपमा आफूलाई प्रस्तुत गर्दछ, अर्थात् जब उक्त हिंसाले ऐतिहासिक आवश्यकताको रूपमा आफूलाई प्रस्तुत गर्दछ, अर्थात् जब सामाजिक अन्तर्विरोधहरू र जनान्दोलनको विकासको सम्पूर्ण क्रमले त्यसको लागि तैयारी गरेको हुन्छ । उनीहरू त्यस्तो क्रान्तिकारी हिंसाको सँधैंभरी समर्थन गर्छन्, जुन आमजनताले संघर्षको क्रममा हासिल गरेको राजनैतिक चेतना र क्रान्तिकारी विकासको अनुरूप रहेको हुन्छ, जुन जनताको आफ्नै व्यावहारिक-राजनैतिक अनुभव, तिनीहरूको मुलुकको राजनैतिक तथा आर्थिक स्थितिमा ह्रास र तिनीहरूको क्रान्तिकारी राजनैतिक गतिविधिको परिणाम रहन्छ । तर उनीहरू त्यस्तो खालको हिंसालाई कदापि समर्थन गर्दैनन्, जसले क्रान्तिकारीहरूलाई आमजनताबाट अलग पार्दछ, जसको लागि परिस्थिति परिपक्व भइसकेको हुँदैन र जसलाई बाहिरबाट जनतामाथि लादिएको हुन्छ । उक्त पछिल्लो खालको हिंसा क्रान्तिकारी हिंसासम्बन्धी मार्क्सवादी धारणाको बिलकूल विपरीत छ ।

मार्क्सवादको उपरोक्त धारणा त्यस्ता "उग्र-वामपन्थी" क्रान्तिकारीहरूको धारणासित एकदमै नमिल्दो छ, जो क्रान्तिकारी परिस्थितिको परिपक्वताको स्तरलाई बेवास्ता गरेर कुनै पनि समयमा क्रान्तिकारी हिंसाको प्रयोग गर्न सकिने ठान्छन् र जो क्रान्तिकारी-हिंसात्मक कार्यवाहीलाई जनतामाथि थोपर्ने प्रयत्न गर्छन् । त्यसखालका क्रान्तिकारीहरू कुन महत्वपूर्ण कुरालाई बुभ्फ्दैनन वा बुभ्फ्न चाहँदैनन् भने क्रान्तिकारी हिंसाको ऐतिहासिक न्यायोचितता त्यसस्थितिमा र त्यसबेलामा मात्र हुन्छ, जुन स्थितिमा र जब त्यसखालको कार्यवाहीको लागि आवश्यक पूर्वाधारको विकास भएको हुन्छ र ऐतिहासिक विकासको सम्पूर्ण क्रमले त्यसलाई एउटा ऐतिहासिक आवश्यकताको रूपमा प्रस्तुत गरेको हुन्छ, र परिस्थितिले त्यसलाई तत्काल गर्नुपर्ने कार्य-सूचीमा राखेको हुन्छ । यस्ता कुराहरूलाई एकदमै बेवास्ता गरी आम जनतामाथि बाहिरबाट त्यस्तो कार्यवाही लाद्ने "वामपन्थी" क्रान्तिकारीहरूको प्रयत्न स्वाभाविक रूपले एउटा गर्भपात बन्छ र त्यसले अनिवार्य रूपबाट पराजय र ठूलो नोक्सान भोग्नुपर्ने हुन्छ । इतिहासमा त्यस्ता गर्भपतन भएका दृष्टान्तहरू अनेकौं छन्, र त्यस्ता "सामाजिक जुवाडेहरू"को कार्यवाहीको कारणबाट विभिन्न मुलुकमा जन-क्रान्तिकारी आन्दोलनले ठूलो हानि र कहिले त ठूलो प्रत्यागमन बेहोर्नु परेका घटनाहरू पनि इतिहासमा देख्न आएका छन् ।



● कृष्णदास श्रेष्ठ ●

**बलप्रयोगसम्बन्धी मार्क्सवादी दृष्टिकोण त्यससम्बन्धी निम्न-पुँजीवादी दृष्टिकोणभन्दा एकदमै भिन्न छ । हिंसा जहिले पनि, जुनसुकै परिस्थितिमा आवश्यक हुन्छ र त्यसलाई कुनै व्यक्ति-समूहद्वारा जनतामाथि लादेर सफल पार्न सकिन्छ भन्ने निम्न-पुँजीवादी क्रान्तिवादीहरूको धारणा मार्क्सवादी धारणासित कदापि मिल्दो छैन । अनुभव र इतिहासबाट कुन कुरा थाहा भएकोछ भने खास परिस्थितिमा क्रान्तिकारी हिंसा आवश्यक, उपयोगी र सफल रहेको छ भने यस्ता पनि परिस्थितिहरू रहेका छन्, जसमा क्रान्तिकारीहरूले गरेका हिंसात्मक कार्यवाहीहरूले कुनै सकारात्मक परिणाम पैदा गर्न सकेका छैनन् र ती पूरै असफल भएका छन् ।**

बल-प्रयोगसम्बन्धी मार्क्सवादी दृष्टिकोण त्यससम्बन्धी निम्न-पुँजीवादी दृष्टिकोणभन्दा एकदमै भिन्न छ । हिंसा जहिले पनि, जुनसुकै परिस्थितिमा आवश्यक हुन्छ र त्यसलाई कुनै व्यक्ति-समूहद्वारा जनतामाथि लादेर सफल पार्न सकिन्छ भन्ने निम्न-पुँजीवादी क्रान्तिवादीहरूको धारणा मार्क्सवादी धारणासित कदापि मिल्दो छैन । अनुभव र इतिहासबाट कुन कुरा थाहा भएकोछ भने खास परिस्थितिमा क्रान्तिकारी हिंसा आवश्यक, उपयोगी र सफल रहेको छ भने यस्ता पनि परिस्थितिहरू रहेका छन्, जसमा क्रान्तिकारीहरूले गरेका हिंसात्मक कार्यवाहीहरूले कुनै सकारात्मक परिणाम पैदा गर्न सकेका छैनन् र ती पूरै असफल भएका छन् । हिंसासम्बन्धी उपरोक्त धारणाका विपरीत मार्क्सवादीहरू क्रान्तिकारी हिंसाको आम चरित्रमा, जन-स्वरूपमा जोड दिन्छन्, र कुन कुरामा जोड दिन्छन् भने सफलताको लागि त्यसले आम क्रान्तिकारी जनताको तागतमाथि भरोसा राख्नुपर्ने । आम क्रान्तिकारी जनताको तागतमाथि भरोसा नराखिकन मुट्ठीभर क्रान्तिकारीहरूको भरमा गरिएको क्रान्तिकारी हिंसा निरर्थर, निस्सहाय तथा निष्फल रहेका थुप्रै दृष्टान्तहरू पाइन्छन् । मार्क्सवादीहरूको यस सम्बन्धमा एउटा प्रमुख मत के छ भने सशस्त्र हिंसा सँधैंभरी र सबै परिस्थितिहरूमा आम क्रान्तिकारी जनताको संघर्षसित गाँसिएको हुनुपर्छ र तिनीहरूको क्रान्तिकारी तागतमाथि आधारित हुनुपर्छ । लेनिन भन्नुहुन्छ : "जब श्रमजीवी जनताद्वारा, शोषकहरूको विरुद्ध शोषित जनसाधारणद्वारा हिंसाको प्रयोग गरिन्छ, तब हामी त्यसको पक्षमा रहन्छौं ।" (१८४)

कुनै पनि मुलुकमा क्रान्ति भनेको प्राथमिक तथा प्रमुख रूपमा सो मुलुकमा रहेका जनताले गर्ने क्रान्तिकारी क्रियाकलाप हो । क्रान्तिलाई जनता आफैंले सम्पन्न गुर्नपर्छ । तिनीहरूको क्रान्तिकारी सहभागिता र सक्रियतालाई छोडर कसैले पनि त्यसलाई सफलतापूर्वक सम्पन्न गर्न सक्दैन । त्यस्तै, कुनै मुलुकमा हुने क्रान्तिकारी हिंसा पनि प्रमुख रूपमा क्रान्तिकारी पार्टीको नेतृत्वमा सो मुलुकका आम जनताको क्रियाकलाप हुनुपर्छ । कुनै संगठन वा समूहको त्यसतर्फको क्रियाकलापले त्यसलाई समर्थन र सहयोग पुऱ्याउन सक्छ, तर त्यसको ठाउँ लिन सक्दैन । जहाँसम्म एउटा मुलुकमा हुने सशस्त्र संघर्षलाई अन्य मुलुकहरूका क्रान्तिकारी शक्तिहरूबाट प्राप्त हुने सहायताको सवाल छ, त्यस्तो सहायता जतिसुकै ठूलो र बहुमूल्य भए पनि त्यसले सम्बन्धित मुलुकको जन-क्रान्तिकारी संघर्षको ठाउँ लिन सक्दैन । अझ अर्को कुरा त के भने त्यस्तो सहयता उक्त क्रान्तिकारी संघर्षमार्फत मात्र प्रभावकारी र उपयोगी सावित हुन सक्छ ।

क्रान्तिकारी आतंकवाद भनेको व्यक्तिगत आतंकवाद, वा व्यक्तिगत विद्रोहभन्दा बिलकूल फरक कुरा हो । व्यक्ति-हत्याको उपायबाट प्रतिक्रियावादी सत्तालाई पल्टाएर जनसत्ता कायम गरेका दृष्टान्त पाइँदैन । कुन कुरा देख्नमा आएको छ भने कुनै मुलुकमा हुने वैयक्तित आतंकवादको शक्तिशालिता एक प्रकारले क्रान्तिको शक्तिशाली ढंगबाट चलिरहेको हुन्छ, त्यहाँ वैयक्तिक आतंकवादको प्रभाव त्यति रहेको हुँदैन । कुन कुरा बिलकूल स्पष्ट छ भने व्यक्ति-हत्याको उपाय, व्यक्तिगत आतंकवाद खास खास शोषकहरू, प्रतिक्रियावादी तत्वहरू वा सरकारी प्रतिनिधिहरूको लागि वैयक्तिक रूपले खतरनाक हुन सक्छ, र त्यसले तिनीहरूको वैयक्तिक जीवनलाई खतम पनि पार्न सक्ला, तर त्यो प्रतिगामी शासन-सत्ताको लागि कुनै पनि रूपमा खतरनाक रहँदैन, र त्यसले सो सत्तालाई कदापि फाल्न सक्दैन । उक्त सत्तालाई फालेर जन-सत्ताको स्थापना गर्ने कामलाई महान क्रान्तिकारी जनान्दोलनले, आमजनताको क्रान्तिकारी संघर्षले, क्रान्तिकारी बल-प्रयोगले मात्र सिद्ध गर्न सक्छ । शत्रु-वर्गहरूले, शोषक-शासकवर्गहरूले जनताको विरुद्ध गरेका अत्याचार-अन्याय र श्वेत आतंकका कार्यवाहीहरूको प्रकाशमा तात्कालिक कार्यवाहीतर्फ, वैयक्तिक आतंकवादतर्फ, आक्रोश तथा प्रतिशोधको कार्यवाहीतर्फ हुने स्वाभाविक प्रेरणा एकदमै मानवीय लाग्ने भए पनि, त्यसले उक्त शक्तिहरूको तागतको मूललाई खतम पार्न सक्दैन, तिनको शासनलाई विध्वस्त पार्न सक्दैन र सकेको छैन । बरु, त्यसले क्रान्तिकारी शक्तिहरूलाई तागतशील, संगठित तथा एकताबद्ध पार्ने काममा बाधा पुऱ्याउने र क्रान्तिकारी शक्तिहरू संगठित हुन नपाउँदै त्यसलाई खतम पार्नमा लागि प्रतिगामी शासनलाई बहाना प्रदान गर्ने गरेको देखिएको छ ।

मानवजातिको इतिहासको प्रगति अहिले जुन बिन्दुमा पुगेको छ त्यस बिन्दुमा त्यसले आवश्यकीय अनिवार्य रूपबाट क्रान्तिकारी हिंसाको बाटो भएर अघि बढ्नु परेको छ । यो हाम्रो वर्तमानको कुरा हो । यो शोषकहरूको वर्ग र शोषितहरूको वर्गमा विभाजित समाजको कुरा हो । तर जुन समाजमा मानिसद्वारा मानिसको शोषणको अन्त्य हुनेछ, जुन समाज शोषकवर्ग र शोषितवर्गमा विभाजित रहेको हुँदैन, त्यसमा यो नियम लागू हुँदैन । पुँजीपतिवर्गमाथि सर्वहारावर्गको विजयले शोषक-शोषितमा विभाजित समाजको ठाउँमा वर्गहीन, कम्युनिस्ट समाजको स्थापना गर्नेछ, अनि क्रान्तिकारी हिंसा, वर्ग-युद्ध, आदि बिलकूल निरर्थक र बिलकूल अनुचित तथा असंभव हुनेछ । त्यसपछि मानवजातिको ऐतिहासिक अग्रगतिको लागि "हतियारद्वारा आलोचना"को, शस्त्र-अस्त्रको तर्कको आवश्यकता पर्नेछैन, र सो अग्रगति र सत्य र विकेकको तर्क-शक्तिबाट हुनेछ ।

*समाप्त*

---

## नेपाली...

भयो भने अरु अनगिन्ती अन्तरविरोधहरू आफै हल हुन पुग्दछन् । फेरी समाजमा अर्कै र भिन्दै पहिला कहिल्यै नव्यहोरिएको नयाँ अन्तरविरोधको मुख्य पक्ष बनेर देखा पर्दछ । त्यसलाई पनि त्यहि जुक्तिद्वारा हलगर्दै जानुपर्दछ । कहिले काँही मुख्य अन्तरविरोध हल गर्नु भन्दा अगाडि विशिष्ट अन्तरविरोध देखा पर्दछ र त्यस्ता अन्तरविरोध हल गरेर पनि मुख्य अन्तरविरोध हल गर्नु पर्ने हुन सक्छ । हिजो राजतन्त्रकालमा एक पटक हामीलाई त्यस्तै विशिष्ट अवस्था आइलाग्यो । एकछिन अन्तरविरोध मुख्यपक्षलाई छोडेर हामी राजा र सामन्तवादलाई एकतिर पारी बाँकी सबै संभव भएसम्मका शक्तिहरूलाई (एकहदसम्म दलाल तत्वलाई समेत) परिचालन गरी निरंकूश राजतन्त्रको उदय भएपछिको विशिष्ट अन्तरविरोध (प्रधान अन्तरविरोध होइन) लाई जनयुद्ध र जनआन्दोलन मार्फत हल गरेका थियौं । त्यो विशेष परिस्थितिमा पैदा भएको विशिष्ट अन्तरविरोध हल गर्न सक्दा राज्यसत्तामा कुनै परिवर्तन नभएता पनि शासन सत्तामा भने परिवर्तन आएको थियो । विशिष्ट अन्तरविरोधको हल हुँदा मात्र पनि राजतन्त्रकालबाट गणतन्त्रकालको उदय हुन पुगेको थियो । राजतन्त्रबाट गणतन्त्रकालमा पुग्नु गुणात्मक परिवर्तन थिएन र होइन पनि । गुणात्मक परिवर्तन हुनका लागि त अनिवार्य रूपमा प्रधान अन्तरविरोधकै हल हुनुपर्दछ न कि विशिष्ट अन्तरविरोधको । यदि नेपालमा मात्रात्मक परिवर्तनका लाग मात्र नभएर गुणात्मक परिवर्तन नै गर्ने हो भने कुन अन्तरविरोध हल गर्ने हो त ? यो बारेमा असाध्यै गहन अध्यायन र छलफलको खाँचो छ । यसका लागि हामीले फेरी पनि अन्तरविरोधको गुजुल्टो भित्र छिरेर प्रधान अन्तरविरोधको मुख्य पक्ष पहिल्याउन सक्नु पर्छ । यसरी अन्तरविरोधको गुजुल्टो भित्र छिर्दा हामीले देख्ने प्रधान अन्तरविरोधको मुख्य पक्ष भनेको बुर्जुवा संसदीय गणतन्त्रको संसदीय संविधान र यहि व्यवस्थालाई टिकाउन बुर्जुवा संविधानलाई कार्यन्वयन गर्न टुप्पी कसेर भारतीय विस्तारवादी एकाधिकारवादी तत्वहरूको इशारामा कार्यन्वयनमा लागेका दलाल तत्व नै मुख्य पक्ष हो । यसरी मुख्य पक्षमा यो तत्वलाई पहिल्याई सकेपछि यसैलाई खत्तम पार्ने कार्यनीति निर्माणमा हामी सबै जुट्नु पर्दछ । हामीले दलाल तत्वलाई मुख्य तत्व भनेर पहिल्याइ सकेपछि पनि त्यसलाई खत्तम भएर जाँदैन र प्रधान अन्तरविरोधको हल पनि कहिल्यै हुन सक्दैन । प्रधान अन्तरविरोधको हल गर्न प्रधान अन्तरविरोधको पनि मुख्य पक्ष दलाल तत्वलाई खतम पार्न हामीले अति उपयुक्त कार्यनीति श्रृखला समेत ठोस गरी व्यवहारमा जुट्न आवश्यक हुन जान्छ । हामी व्यवहारमा जुटेर सफल भई छाड्ने हामो कार्यनीति के होला त ? यो यस्तो कार्यनीति हुनुपर्दछ यसमा दलाल तत्वको विरुद्ध जुनशक्ति जहाँसम्म जान सक्छ त्यो शक्तिलाई बिना हिच्कीचाहट त्यो ठाउँसम्म लिएर हिँड्न फराकिलो सोचका साथ सिपालु बन्नु पर्दछ । हामीलाई लाग्छ दलाल तत्वका विरुद्ध कम्युनिस्ट क्रान्तिकारीहरू, देशभक्त प्रगतिशीलहरू र देशभक्त संघीयतावादीहरू पूरै शक्ति र तागतका साथ लाग्नेछन् । यो तीन शक्तिका सामु दलाल तत्वको केही सिप लाग्ने छैन । अझ अर्को भाषामा भन्दा सम्पूर्ण उत्पीडित वर्ग र समुदायलाई एक नयाँ परिस्थितिमा पुऱ्याएर र उनीहरूलाई एउटै संयुक्त मोर्चामा आवद्धतता गराई आन्दोलनमा परिचालन गराइएपछि मात्र दलाल तत्वको समाप्ति हुनेछ । यो काम त्यतिकै मुखको भरमा भट्ट्याएर मात्र हुँदैन । यसका लागि व्यवहारमा गई धेरै कोशिसहरू पूरा गर्नुपर्दछ । प्रधान अन्तरविरोधको मुख्य पक्ष दलाल तत्वले सिङ्गौ राज्यसत्ता हाँक्दै आइरहेको छ । राज्य सत्ता नै भएपछि यो सँग सबथोक छ भनेर बुझ्नु पर्दछ । यो सँग राजनीतिक दलहरू छ, सेना छ, अड्डा अदालत आदि इत्यादि सब कुरा छ । भारतीय विस्तारवादी एकाधिकार पुँजीवादको पूरै आड भरोसा समेत छ । त्यसैले दलाल तत्वलाई जरै देखि समाप्त पार्ने कुरा चनाचुने हुँदैहुँदैन । उसलाई राजनीतिमा परास्त गर्नु पर्दछ, शैन्य क्षमतामा परास्त गर्नुपर्दछ, भारतीय विस्तारवादी एकाधिकार पुँजीवादी आदेशबाट बञ्चित गराउनु पर्दछ । यो कार्य साँच्चै कठिन छ । तर असम्भव छैन । यो कार्य जसरी पनि फत्ते गर्नै पर्दछ । यो काम सम्पन्न गर्न आज नै चाँही के गर्ने हो त ! आजैबाट शुरु गर्ने काम भनेको यस प्रकार छ ।

१) क्रान्ति हाक्न सक्षम क्रान्तिकारी पार्टी निर्माण


२) दलाल तत्वको विरुद्ध जान सक्ने संभव भएसम्मका शक्तिहरूसँग विना विना हिच्किचाहट फराकिलो सोचका साथ संयुक्त मोर्चा निर्माणको प्रयास

३) दलाल तत्वको जालभेल, षड्यन्त्र, छलकपटका विरुद्ध जनप्रतिरोध आन्दोलनलागि युवाहरूको जुझारु संगठन निर्माण । पार्टी, संयुक्त मोर्चा र जुझारु संगठनको प्रारम्भिक निर्माण भए लगत्तै पार्टी कै नेतृत्वमा यी तिनवटै संगठनका साधनहरूलाई परिचालन गरी वर्गीय आत्मसमर्पणवाद र राष्ट्रिय आत्मसमर्पणवादको वैचारिक भण्डाफोर गर्दै राष्ट्रिय स्वाधिनता र वर्गीय मुक्तिको नारामा गोलबन्द गराउँदै दलाल तत्वलाई छानीछानी जनकार्वाहीका विधि प्रयोग गरी राष्ट्रिय जनप्रतिरोध आन्दोलनको स्वरूपमा विकास गर्नुपर्दछ । जव आन्दोलन स्वरूपले उत्कर्षता हासिल गर्दै अगाडि बढ्छ त्यसपछि सो आन्दोलनलाई दिर्घकालीन प्रकृतिको संघर्षको रूपमा ग्रहण गर्दै सशस्त्र संघर्षलाई समेत आन्दोलनमा सम्मिलित गराई राष्ट्रिय प्रतिरोध आन्दोलनलाई गुणात्मक रूप दिई राष्ट्रिय प्रतिरोध युद्धमा फड्को मार्नु पर्दछ । यसरी फड्को मारिएको राष्ट्रिय प्रतिरोध युद्धले निरन्तरको प्रत्याक्रमणद्वारा मात्र सशस्त्र विद्रोहात्मकको अन्तिम रूप लिन्छ र प्रधान अन्तरविरोधको फर्स्यौट भई नयाँ जनवादी गणतन्त्र स्थापना हुनेछ ।

## सन्दर्भ : पेरिस कम्युनको १४८औं वर्षगाँठ

# पेरिस कम्युन विश्व सर्वहारावर्गको महान् आदर्श

*पेरिस कम्युन 'मानिसलाई वर्ग शासनबाट सदाको लागि मुक्त गर्ने महान् सामाजिक क्रान्तिको प्रभात' थियो । - **कार्ल मार्क्स***





● हस्तबहादुर के.सी ●

पेरिस कम्युन सन् १८७१ मार्च १८ तारिखका दिन खडा गरियो र प्रतिक्रियावादीहरूद्वारा प्रतिक्रान्तिको मारमा परेर सन् १८७१ मई २८ तारिखमा ढल्यो । तर निर्माण गरिएको ७२ दिनमै शत्रुद्वारा ढालिएको भए पनि पेरिस कम्युन विश्वसर्वहारा वर्गको महान् आदर्श थियो, यो विश्व सर्वहारावर्गको प्यारो आदर्श थियो । किनकि विश्व मानव समाजले आदिम साम्यवाद पार गरी अगाडि बढ्ने क्रममा पहिलो वर्गीय समाज दास युगिन समाजमा प्रवेश गरे यता विश्व सर्वहारावर्गले पहिलो पटक आफ्नो प्यारो सर्वहारा वर्गीय राज्यसत्ता स्थापना गरिएको थियो । पेरिस कम्युन विश्व सर्वहारावर्गले पहिलोपटक सर्वहारा वर्गको अधिनायकत्व प्राप्त गरेको दिन थियो, त्यसैले सन् १८७१ को मार्च १८ को दिनलाई विश्व मानव समाजको विकासक्रमको इतिहासमा एक ऐतिहासिक र अविस्मरणीय दिन हो । एक गौरवशाली दिन हो ।

पेरिस कम्युन बर्बरतायुक्त दास युग र पुँजीवादी युगको पहिलोपटक नशछेदन गरिएको एक ऐतिहासिक एवं अविस्मरणीय दिन मात्र नभएर सर्वहारा वर्गलाई पहिलो पटक सत्तासित तुल्याएको परिघटनाको विराशत हो । त्यसैले ७२ दिनकै शैशवकालमै यसको जग भत्काई दिएको भए पनि यसको इतिहास ज्यादै चम्किलो छ । बिहान ८/९ बजेको सूर्यको किरणझैं यो इतिहासमा चम्किरहेको छ, चम्किरहने छ ।

पेरिस कम्युनले विश्वसर्वहारा वर्गलाई संसारमा पहिलो सर्वहारावर्गको शासनको स्थापना ढोका खुलिदिने र जग बसाली दिन महान् कार्य पेरिस कम्युनले गरिदिएको थियो । हालको फ्रान्सको राजधानी रहेको पेरिसका सर्वहारा मजदुरहरूले सन् १८७१ मार्च १८ का दिन सामन्तवादी तथा पुँजीवादी लुटेराहरूबाट पहिलोपटक सत्ता छिनेर आफ्नो हातमा ल्याएर सर्वहारा वर्गको राज्यसत्ता खडा गरेको, सर्वहारावर्गले पहिलोपटक अधिनायकत्व प्राप्त गरेको त्यस ऐतिहासिक परिघटनालाई पेरिस कम्युन भनिन्छ । यो नै वैज्ञानिक समाजवाद स्थापनाको पहिलो घटना भएकाले यसको विशेष महत्व रहन गएको छ र यसको महत्व अनन्त कालसम्म रहिरहने छ ।

राष्ट्रिय सम्मानको रक्षा र शोषणबाट मुक्तिका लागि सन् १८७१ मार्च १८ मा पेरिसवासीहरूले संसारको पहिलो सर्वहारा राज्यसत्ताको स्थापना गरि दिएकाले आज पेरिस कम्युन विश्वसर्वहारा वर्गको महान् तथा प्यारो आदर्श बनेर चम्किरहेको छ ।

पेरिस कम्युनलाई शैशवावस्थामा नै पुँजीवादी र सामन्तवादीहरूले नष्ट गरिदिएका भएता पनि त्यो मानव हृदयविदारक प्रतिक्रान्तिको घटनामा २७ हजार पेरिसवासीहरूले ज्यान गुमाउनु र ३०औं हजार पेरिसवासीहरू घाइते र अपाङ्ग बन्न परेको भए तापनि पेरिस कम्युन सर्वहारावर्गका वीर वीरंगानाहरूको वीरताको ऐतिहासिक गाथा बन्न पुगेकाले पेरिस कम्युन विश्व सर्वहारावर्गको एक महान् आदर्श बन्न पुगेको छ ।

सन् १८५० पछि युरोपमा औद्योगिक क्रान्तिले गर्दा सर्वहारा मजदुरवर्ग पनि शक्तिका रूपमा उदय भए र बेलायत, जर्मनी, फ्रान्समा ठूला-ठूला मजदुर आन्दोलन भए । यसै क्रममा मार्क्स र एंगेल्सले सन् १८६४ मा अन्तर्राष्ट्रिय मजदुर संघ स्थापना गरेका थिए । यसलाई प्रथम इन्टरनेशनल

भनिन्छ । यसको पहिलो महाधिवेशन सन् १८६६ मा जेनेभामा भएको थियो । जर्मनी र फ्रान्सबीचको युद्धमा फ्रान्स पराजित भई सन्धि गर्न बाध्य भए पछि फ्रान्सका जनतालाई राष्ट्रियताको संवर्द्धन गर्ने पनि जिम्मेवारी आएको थियो । युद्ध समाप्त भएपछि सन् १८७१ को फेब्रुअरीमा निर्वाचन गरियो । युद्धको समयमा मजदुरहरूको हातमा आएको हतियार खोस्ने प्रयास भएपछि मजदुरहरूले यो हतियार बुझाउनुको सट्टा विद्रोह गरेर सत्ता कब्जा गरेका थिए जो परिस कम्युनको रूपमा स्थापित छ ।

पेरिस कम्युन कसरी निर्माण भयो भने देश बेचुवा सरकारको राष्ट्रघाती क्रियाकलापले पेरिसका क्रान्तिकारी जनतालाई क्रोधित पाऱ्यो । तबसम्म सुरक्षात्मक नीति लिएर बसेका सशस्त्र मजदुरहरूले कुन कुरा बुझे भने उनीहरूले देशको र आफ्नो भाग्यलाई आफ्नै हातमा लिनु पर्छ । आफ्ना हतियारहरू सुम्पनुको सट्टा राष्ट्रिय गार्डले पेरिसका क्रान्तिकारी जनतासित मिलेर पुँजीवादी सरकारको विरुद्ध धावा बोले । राष्ट्रिय गार्डको विरुद्ध लड्न पठाइएका सरकारी सैनिकहरूले पनि देशप्रेमी नागरिकहरूको विरुद्ध आफ्नो बन्दुक फर्काउनुको सट्टामा जनताका शत्रु ठूला ठूला पुँजीपति र जमीन्दारहरू र तिनका सरकार विरुद्ध फर्काए । राष्ट्रिय गार्ड पेरिस शहरको केन्द्र तर्फ विजयका साथ अघि बढेर होटेल द भिले कब्जा गरे । पुँजीवादी सरकारका सदस्यहरू र तिनका सहयोगीहरू आफ्नो पुच्छर लुकाई भर्साइलतिर सुँइकुच्चा ठोके । पेरिस क्रान्तिकारी जनताको पूर्ण नियन्त्रणमा आयो र राष्ट्रिय गार्डको केन्द्रीय कमिटीको अस्थायी सरकार बन्यो ।

होटेल द भिलेमा पेरिस कम्युनको रातो झण्डा, सर्वहारावर्गको राज्य-सत्ताको झण्डा

फहराइयो । यसरी कार्ल मार्क्सकै शब्दमा ' मानिसलाई वर्ग शासनबाट सदाको लागि मुक्त गर्ने महान् सामाजिक क्रान्तिको प्रभात' को उदय भयो ।

मानव समाजको ऐतिहासिक विकासका क्रममा यसरी पेरिसका वीर मजदुरहरूले प्रतिक्रियावादीहरूको 'स्वर्गमा धावा बोल्ने' वीरताका साथ विश्वमजदुर आन्दोलनको इतिहासमा एउटा सुनौला पाना शुरु गरेका थिए । यो क्रान्ति विश्वमा तबसम्म भएका क्रान्तिहरूबाट मूलरूपमा फरक थियो । पहिले पहिलेका क्रान्तिहरूमा शोषक वर्गहरूको एउटा डफ्फाबाट अर्को डफ्फामा सत्ताको हस्तान्तरणमात्र हुन्थ्यो र जनदमनको साधन रहेको पुँजीवादी राज्य-यन्त्र झनझन बढी दमनात्मक र परिपूर्ण हुन्थ्यो । श्रमजीवी जनता माथि झन बढि शोषण र थिचोमिचो हुन्थ्यो । तर यस क्रान्तिमा नौलो समाजका निर्माता मजदुर वर्गको हातमा सत्ता आयो र त्यसको उद्देश्य नोकरशाही पुँजीवादी राज्य-यन्त्रलाई ध्वस्त पार्नु थियो । यस क्रान्तिले स्पष्टसँग के देखाइदियो भने वर्तमान समाजमा इतिहासलाई अघि बढाउनमा नेतृत्व गर्न सक्ने एकमात्र मजदुर वर्ग हो र यो वर्ग नै सबभन्दा क्रान्तिकारी, सबभन्दा दृढ र सबभन्दा बलिदानी वर्ग हो इतिहाससिद्ध कुरा हो, पेरिस कम्युन सर्वहारावर्गको अधिनायकतन्त्रको पहिलो राज्य थियो । एउटा यस्तो राज्य थियो, जसको उद्देश्य मुट्ठीभर पुँजीपति र जमिन्दारहरूको स्वार्थरक्षामा होइन बर तिनीहरूका विरुद्ध विशाल बहुसंख्यामा रहेका मजदुर वर्ग र अरु श्रमजीवी जनताको स्वार्थरक्षामा साधन बन्न पुग्यो । पेरिस कम्युनको बारेमा मार्क्स भन्नु हुन्छ,- 'प्रमुख रूपमा पेरिस कम्युन एउटा मजदुर वर्गीय सरकार थियो । चुसाहवर्गको विरुद्ध उत्पादकवर्गको संघर्षको उपज थियो । श्रमको आर्थिक मुक्तिको लागि आखिरमा पत्ता लगाइएको राजनीतिक रूप थियो ।' मार्क्स र एंगेल्स चुनिएका रचनाहरू भाग १, पृष्ठ ४७३ । अतः सर्वहारावर्गको राज्यको राजनीतिक रूप, पेरिस कम्युनको मूल लक्ष्य श्रमजीवी जनतालाई आर्थिक, सामाजिक र मानसिक रूपले मुक्त गर्नु थियो ।

शत्रुका बिरुद्ध लड्न सक्ने सबै पेरिसका नागरिकहरूले बनेको राष्ट्रिय गार्ड पुँजीपतिवर्गमाथि सर्वहारा वर्गको अधिनायकत्वको एउटा शसक्त ज्वाला थियो । कम्युनको यस विशेषतालाई लेनिनले 'कम्युनको सारतत्व' भनेर संशलेषण गर्नु भएको छ ।

इतिहासबाट हामीलाई यो शिक्षा प्राप्त भएको छ कि, पेरिस कम्युन सर्वहारा अन्तर ाष्ट्रियतावादको एउटा चम्किलो प्रतिमूर्ति थियो । पेरिस विद्रोहमा र पेरिस कम्युनको स्थापना र सुरक्षामा धेरै देशहरूका मजदुर योद्धाहरूले संक्रिय हिस्सा लिएका थिए र कम्युनका योद्धाहरूले ती विदेशी सुपुत्रहरूको हार्दिक रूपमा स्वागत सम्मान गरेका थिए । किनभने कम्युनको निर्वाचन आयोगको घोषणापत्रमा भनिएको छ, 'कम्युनको झण्डा विश्व गणतन्त्रको झण्डा हो ।' यसरी पेरिस कम्युनले पुँजीपति र सामन्तवर्गहरूको संकीर्ण राष्ट्रवाद तथा अन्धराष्ट्रवादको पुरै धज्जी उडाएर विपरित सर्वहारा अन्तर्राष्ट्रवादको उज्ज्वल ध्वजालाई उच्चो उठाएको थियो ।

विडम्बना पेरिस कम्युन ७२ दिनसम्म मात्र टिक्न सक्यो तर यस ज्यादै छोटो अवधिमा पनि यसले श्रमजीवी जनताको मुक्ति र फ्रान्सको पुनरुद्धारको लागि निकै महत्वपूर्ण पाइलाहरू चाल्यो । बलपूर्वक आफूबाट कब्जा गरिएको राजनीतिक सत्तालाई कम्युनले पुँजीवादी शोषण, भ्रष्टाचार र राष्ट्रिय अपमानलाई मिटाउने र देशको पुननिर्माण गर्ने संघर्षमा प्रयोग गऱ्यो । सत्ता कब्जा गरिसकेपछि कम्युनले पुरानो राज्य-यन्त्रलाई ध्वस्त पार्नमा र पुँजीपति र जमिन्दारहरूको आर्थिक र बौद्धिक बन्धनहरू तोड्नमा पाइलाहरू चाल्यो । जन कदमहरू चाल्यो ती विश्व सर्वहारावर्गको अधिनायकतन्त्रको लागि महान् र अमर देनहरू रहेका छन् ।

कम्युनले कानुन पारित गरेर सबैभन्दा पहिले स्थायी सेना र भर्ती प्रथालाई खारेज गऱ्यो । बहुसंख्यामाथि, अल्पसंख्याको, श्रमजीवि जनतामाथि मुट्ठीभर पुँजीपति र सामन्तहरूको वर्गशासनको सशस्त्र संगठित शक्ति, स्थायी सेनालाई खतम पारियो र त्यसको ठाउँ सबै नागरिकहरूबाट बनेको राष्ट्रिय गार्ड, राष्ट्रिय जनमिलिसियाले लियो । यसरी शोषक र शासकहरूको हातमा हिंसात्मक दमनको हतियारलाई खतम पारी पुँजीपति र सामन्तवर्गहरूमाथि अधिनायकतन्त्रको हतियारका रूपमा राष्ट्रिय जनपल्टनलाई स्थापित गरिएको थियो ।

त्यहाँ कम्युनको निर्वाचन गरियो र राष्ट्रिय गार्डको केन्द्रीय कमिटीले कम्युनको हातमा सत्ता सुम्पि दियो । बालिक मताधिकारको आधारमा जनताद्वारा र जनताबाट चुनिएका सरकार बन्यो । यो सही अर्थमा प्रजातन्त्र सर्वहारावर्गीय प्रजातन्त्र थियो । पेरिस कम्युन यथार्थमा सच्चा प्रजातान्त्रिक राजनैतिक सत्ता थियो ।

त्यस्तै आर्थिक क्षेत्रमा कम्युनले पुँजीवादी शोषकहरूलाई शोषण गर्ने अवस्थाबाट बञ्चित पार्ने क्रान्तिकारी पाइला चाल्यो । कम्युनले सबै मिल र कारखानाहरूको तथ्यांक लिन र तिनीहरूको सञ्चालन गर्ने योजना बनाउन एउटा आयोगको गठन गऱ्यो र ती सबै मिल र कारखानाहरू सञ्चालन गर्ने जिम्मा सम्बन्धित मजदुरहरूको सहकारी संस्थालाई सुम्पने र सहकारी संस्थालाई मिलाई एउटा ठूलो संघ बनाउने तर्जुमा गरियो ।

कम्युनले मजदुर किसानहरूको सुविधा हुने र हक, अधिकारहरू सुरक्षित हुने कानुनको तर्जुमा गरेको थियो । बालबालिकाहरूको सुरक्षाको ग्यारेन्टी गरेको थियो ।

आफ्नो अस्तित्वको निकै छोटो अवधिमा कम्युनले उठाएका यी र यस्तै अरु पाइलाहरूले कम्युनको सच्चा वर्ग-चरित्रलाई स्पष्टसित देखाएका थिए । ती पाइलाहरूबाट स्पष्ट देखिने कुरा के थिए भने कम्युन केही ठूला पुँजीपति र सामन्तहरू र तिनका पिछलाग्नेहरूलाई छाडी मजदुरवर्ग, किसानवर्ग र निम्न पुँजीपतिहरूको प्रतिनिधि सरकार थियो ।


सत्ता प्राप्ति पछि कम्युनले पुरानो समाज व्यवस्थालाई ध्वस्त पारी नौलो समाजको स्थापना गर्ने र श्रमजीवी जनताको आर्थिक, राजनीतिक तथा मानसिक मुक्ति गर्ने तर्फ महान् अभियानको शुरुवात गरेको थियो । यस शुरुवात मात्रले पनि पेरिसमा चमत्कारिक हेरफेर ल्याई दिएको थियो । यस विषयमा मार्क्सले लेख्नु भएको छ,- "वास्तवमा कम्युनले पेरिसमा अद्भूत हेरफेर ल्याइदियो । अब दोस्रो साम्राज्यको समयको भ्रष्ट आडम्बरी पेरिसको नामनिशान बाँकी रहेन । अब पेरिस अंग्रेजी जमिन्दारहरू, आयरलैंडका अनुपस्थित जमिन्दारहरू, अमेरिकाका भूतपूर्व दास-मालिकहरू र अरु फोहरी व्यक्तिहरू, रस्सियाली भूतपूर्व भूदास-मालिकहरू र वालाशियाली अभिजातवर्गका मानिसहरूको पेरिस रहेन । मुर्दाखानामा लासहरू थिएनन्, रातमा चोरी बन्द भयो, कुनै ठगीको कुरा सुनिएन । वास्तवमा सन् १८४८ को फेब्रुअरी महिनापछि पहिलोपल्ट पेरिसको सडक निर्भय भयो । त्यो पनि कुनै प्रकारको पुलिस नराखिकन । कम्युनको एउटा सदस्यले भनेका छन्ः "हत्या, चोरी र व्यक्तिमाथि हमलाको घटना अब सुनिँदैन । साँच्चिकै यस्तो लाग्छ, मानो पुलिसले आफ्नो साथमा पुस्तैनी साथीहरूलाई पनि भर्साइलमा नै बोकेर लगेको छ ।' मार्क्स र एंगेल्स चनिएका रचनाहरू, भाग १, पृष्ठ ४६९-४८० ।

अतः सर्वहारावर्गले पेरिसमा सन् १८७१ मार्च १८ देखि सन् १८७१ मई २८ सम्म इतिहासमा सर्वप्रथम राज्य सत्तामाथि कब्जा गऱ्यो र सर्वहारावर्ग सधैं शोषित र शासित हुने वर्ग मात्र होइन, त्यसले शासन पनि गर्न सक्छ र झन राम्रो प्रकारको शासन गर्न सक्छ भन्ने कुरा सिद्ध गऱ्यो ।

७२ दिनसम्म कायम रहेको त्यो प्रथम सर्वहारावर्गको सत्तालाई पेरिस कम्युन भनिन्छ । मार्क्सवादीहरूको भन्दा ब्लाँकीवादीहरूको आधिक्पता रहेकोले पेरिस कम्युनले न त सोचे जति ठोस कार्यक्रम बनाएको थियो न त ठोस योजना नै । सत्तामाथि कब्जा गरेर सर्वहारावर्गले चुनाव गरायो । चुनावबाट ७२ जनाको परिषद गठन भएको थियो । १८ जना पार्षद मात्र मार्क्सवादी थिए । पेरिसमा मात्र गठन हुन सकेको पेरिस कम्युनले देशव्यापी रूपमा चुनाव गराउने सोच राखेको थियो । तर बनिबनाउ पुँजीवादी राज्यपत्रलाई ध्वस्त पार्ने कुनै योजना बनाएन अर्कोतिर जनतामाथि लुट, शोषण र थिचोमिचो गरी मोटाएका पुँजीवादी र सामन्ती परजीविहरूको निमित्त मजदुरवर्गबाट थालिएको महान् सामाजिक क्रान्ति कसरी सह्य हुन सक्थ्यो ? होटेल द भिलेमा नौलो समाजको प्रतीक बनेर शानदाररूपमा फरफराइरहेको पेरिस कम्युनको रातो झण्डा भ्रष्ट, गन्दा र मरणोन्मुख पुरानो संसारको लागि आँखामा बिझेको काँडा थियो । उक्त रातो झण्डालाई देखेर पुरानो व्यवस्थाका पक्षधरहरू रिसले मुरमुरिए र डाहले छटपटाए । मजदुरहरूको पेरिसलाई ध्वस्त पार्न ती तत्वहरू स्वभावतः विभिन्न षडयन्त्रमा पूरा शक्तिका साथ जुटे ।

थियेर्सले पेरिस कम्युनको विरुद्ध आफ्नो प्रतिक्रान्तिकारी हमला अप्रिलको शुरुमा थाल्यो । पेरिसमाथि लगातार बमबर्षा गरियो । उत्तर र पूर्वी किल्लाहरूमा कब्जा गरिबसेका प्रशियाली सेनाले पेरिसका जनताको हत्याको लागि भर्साइलका सैनिकहरूलाई पेरिस पस्न बाटो छाडिदिए । मई २१ तारिखमा थियर्सका भरौटे सैनिकहरू पेरिसभित्र पसे र मई २१ तारिखदेखि २८ तारिखसम्म थियेर्सको सेना र वीर कम्युन-योद्धाहरूको माझमा संग्राम चल्यो । पेरिस कम्युनका योद्धाहरू बडो वीरताका साथ आफ्नो रगतको अन्तिम थोपासम्म पेरिस कम्युनको सुरक्षा

*...बाँकी ६ पेजमा*



## शिक्षाको...

विदशीकरणको अन्त्य गरिनु पर्ने, सामुदायिक विध्यालयको स्तरोन्नती र गुणस्तरको वृद्ध गर्नुपर्ने, निजी शैक्षिक संस्थाहरूलाई राष्ट्रियकरण गर्नुपर्ने, विध्यार्थीलाई स्वास्थ्य उपचार र यातायातमा ५० प्रतिशत छुट दिनुपर्ने, जनयुद्धका क्रममा वेपत्ता पारिएका संगठनका तत्कालीन महासचिव पूर्ण पौड्याल लगायतका विध्यार्थीहरूको स्थिति सार्वजनिक गर्नुपर्ने, वैज्ञानिक तथा जनवादी शिक्षा लागु गरिनुपर्ने लगायतका ३३ वटा मागहरू समेटेर ज्ञापन पत्र बुझाएको छ ।

ज्ञापन पत्र बुझाउने क्रममा संगठनका महासचिव राम नेपालीलगायत पदाधिकारी, केन्द्रीय सदस्यहरूको सहभागिता रहेको थियो । ज्ञापन पत्रमा समावेश गरिएका मागहरू सम्बोधन नगरिए संगठनले सशक्त संघर्षको उठान गर्ने अध्यक्ष भण्डारीले बताए ।

श्री माननीय मन्त्रीज्यू, नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

बिषयः माग पत्र बारे ।

त्याग, समर्पण र वलिदानका अद्धितिय कीर्तिमानहरू कायम गर्दै नेपाली विद्यार्थीहरूको आशा, भरोसा र विश्वासको केन्द्र हाम्रो गौरवशाली संगठन अनेरास्ववियू (क्रान्तिकारी) अनवरत रूपमा विद्यार्थी हकहित र शैक्षिक रूपान्तरणको आन्दोलनमा क्रियाशील हुँदै आएको यहाँलाई अवगतै छ ।

देश विचोलिया, माफिया, दलाल, तस्कर र भ्रष्टाचारीहरूले चलाइरहेको र शिक्षा क्षेत्र निजीकरण, व्यापारीकरण, माफियाकरण र विदेशीकरणले जर्जर भैरहेको बेला हाम्रो संगठन अनेरास्ववियू (क्रान्तिकारी) चुप लागेर बस्ने कुरै आउदैन । अतः हाम्रो संगठन माननीय शिक्षामन्त्री समक्ष शिक्षा क्षेत्रका विभिन्न समस्याहरू समेटिएको यो माग पत्र पेश गर्दछ ।

मागहरूः-

१) शिक्षा क्षेत्रलाई राज्यको दायित्वभित्र राखियोस् साथै दोहोरो शिक्षा प्रणाली खारेज गरी सबैले गुणस्तरीय शिक्षा पाउने व्यवस्था मिलाइयोस् ।

२) शिक्षा क्षेत्रमा भैरहेको निजीकरण, व्यापारीकरण, माफियाकरण र विदेशीकरणको अन्त्य गरियोस् ।

३) देशको परिवर्तन र समृद्धिको निम्ति आवश्यक दक्ष एवं देशभक्त जनशक्ति उत्पादन गर्ने शिक्षा नीति लागू गरियोस् ।

४) सबै जनताका छोराछोरीले व्यवहारिक रूपमै माध्यामिक तह (कक्षा १२ सम्म)को शिक्षा अनिवार्य तथा निःशुल्क र सर्वसुलभ शुल्कमा उच्च शिक्षा हासिल गर्न पाउने शैक्षिक अधिकारको सुनिश्चितता गरियोस् ।

५) विगतमा सरकार, विश्वविद्यालयहरू, सीटीइभीटी तथा अन्य शैक्षिक प्रतिष्ठानहरूसँग अखिल (क्रान्तिकारी) तथा संयुक्त विद्यार्थी आन्दोलन बीचमा भएको सहमति/सम्झौता तत्काल कार्यान्वयन गरियोस् ।

६) सामुदायिक विद्यालयहरूको स्तरोन्नती गर्नका लागि आवश्यक शिक्षक दरबन्दी, भौतिक पूर्वाधार, समयमै पाठ्यपुस्तक लगायतका आधारभूत र अनिवार्य सुविधाका विषयहरूको सुनिश्चितता गरियोस् साथै राज्यको लाभको पदमा रहने सबै शिक्षक र कर्मचारीका छोराछोरीलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनु पर्ने व्यवस्था गरियोस् ।

७) समयानुकुल परिमार्जित वैज्ञानिक शिक्षण विधि तय गरियोस् साथै परिवर्तित ग्रेडिङ सिस्टम (अक्षरांकन विधि)को परीक्षा प्रणालीलाई आधारभूत तहदेखि नै लागू गरियोस् ।

८) निजी विद्यालयहरूलाई क्रमशः राष्ट्रियकरण गरियोस् साथै तत्काल सहकारीको मोडेलमा सञ्चालन गर्ने व्यवस्था गरियोस् ।

९) निजी शैक्षिक संस्थाहरूले मनपरि ढंगले लिदै आएको शुल्क तत्काल खारेज गरी सम्मान, सर्वसुलभ र वैज्ञानिक शुल्क कायम गर्दै चर्को शुल्क र असान्दर्भिक शीर्षकमा लिइने शुल्क नियन्त्रण गरियोस् ।

१०) विदेशी नामलाई ब्राण्ड बनाई सञ्चालित निजी शैक्षिक संस्थाहरूलाई कारवाहीको प्रक्रिया अगाडि बढाउदै कतिपय संस्थाले नामको पछाडि इन्टरनेशनल शब्द राखी भ्रम सृजना गरिरहेकोले उक्त शब्द तत्काल हटाइयोस् ।

११) विश्वविद्यालय शिक्षालाई सर्वसुलभ, वैज्ञानिक र अनुसन्धानमूलक बनाउँदै, त्रि.वि.वि.लाई विखण्डन र विघटन हुनबाट रोकियोस् ।

१२) त्रि.वि.वि लगायत सबै विश्वविद्यालयहरूमा लागू सेमेस्टर प्रणालीको निम्ति भौतिक पूर्वाधार र दक्ष प्राध्यापकको व्यवस्था गराइयोस् साथै विषय अनुसारको Internship गर्ने व्यवस्था मिलाइयोस् ।

१३) सीटीइभीटीद्वारा राजनीतिक तथा आर्थिक चलखेलको आधारमा प्रक्रिया र मापदण्ड नै नपुगेका कलेजहरूलाई दिइएको सम्बन्धन तत्काल खारेज गरी सबै विषयहरूमा शुल्क सीमा निर्धारण गरियोस् साथै सीटीइभीटीलाई बहुप्राविधिक विश्वविद्यालयमा स्तरोन्नती गरियोस् ।

१४) सीटीइभीटीमा आंगिक कलेजहरू विस्तार गर्ने र नीजि कलेजको नियमित नियमनको प्रबन्ध मिलाइयोस् साथै सबै प्रदेशहरूमा प्रदेश कार्यालयहरू स्थापना गरियोस् ।

१५) वन तथा कृषि विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, सुदुरपश्चिमाञ्चल विश्वविद्यालय, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान आदिको स्तरोन्नती र प्रवर्द्धनमा प्राथमिकताको आधारमा राज्यबाट दिइने अनुदान बढाइयोस् ।

१६) खुल्ला विश्वविद्यालयलाई यथाशीघ्र सञ्चालनमा ल्याइयोस् साथै नेपाल संस्कृत विश्वविद्यालयलाई बहुभाषिक विश्वविद्यालय बनाइयोस् ।

१७) प्राज्ञिक क्षेत्रमा राजनीतिक नियुक्ति तथा भर्ती बन्द गरियोस् साथै योग्य प्राज्ञिक व्यक्तिहरू नियुक्त गर्ने विधि निर्माण गरी लागू गरियोस् ।

१८) सबै तह, संकाय र प्रकारका परीक्षा प्रणालीलाई सुदृढ, मर्यादित र शैक्षिक क्यालेन्डर अनुसार सञ्चालन गर्ने वातावरण निर्माण गरियोस् साथै परीक्षार्थीले सहज ढंगले मौका परीक्षा दिने, पुनर्योग गर्ने र उत्तर पुस्तिका हेर्न पाउने व्यवस्था मिलाइयोस् ।

१९) लक्षित समुदायका विद्यार्थीहरूलाई दिइने विद्यालय छात्रवृत्ति तथा उच्च शिक्षा छात्रवृत्तिको रकम र कोटा बढाइयोस् साथै छात्रावृत्ति वितरण प्रणालीलाई सहज, पारदर्शी र वैज्ञानिक बनाइयोस् ।

२०) IMO र IOE अन्तर्गत पढाइने स्वास्थ्य शिक्षा र इन्जिनियरिङ शिक्षामा शहीद परिवार, अल्पसंख्यक, दलिल, महिला, मधेशी, जनजाति र दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा छात्रवृत्ति तथा कोटा प्रणाली कार्यन्वयन गरियोस् ।

२१) भू-कम्प, बाढीपहिरो र आगलागि जस्ता प्रकोपहरूका कारण अभिभावक गुमाएका विद्यार्थीहरूलाई छात्रावास सहित निःशुल्क पठन पाठन गर्ने व्यवस्था गरियोस् साथै भू-कम्प र बाढीपहिरोले क्षति पुऱ्याएका शैक्षिक संरचनाहरूको यथाशिघ्र पुनर्निर्माण गरियोस् ।

२२) विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूका लागि Part Time Jobको व्यवस्था गरियोस् ।

२३) विद्यार्थीहरूलाई स्वास्थ्य सेवा र यातायातमा ५० प्रतिशत छुटको व्यवस्था गरियोस् साथै डेरावाला विद्यार्थीको हकमा खाना पकाउने इन्धनमा सहुलियत दिइयोस् ।

२४) जनयुद्ध तथा जनसंघर्षको क्रममा राज्यद्वारा वेपत्ता पारिएका अखिल (क्रान्तिकारी)का तत्कालिन महासचिव पूर्ण पौड्याल लगायतका विद्यार्थीहरूको स्थिति सार्वजनिक गरियोस् ।

२५) छात्राहरू माथि देशव्यापी रूपमा भैरहेको हत्या, बलात्कार, यौन दुर्व्यवहार, बोक्सीको आरोपमा कुटपिट जस्ता जघन्य अपराधहरू नियन्त्रण गरियोस् साथै पिडीत छात्राहरूलाई सुरक्षा र क्षतिपूर्तिको सुनिश्चितता र पीडकहरूलाई कडा भन्दा कडा कारवाहीको व्यवस्था गरियोस् ।

२६) शैक्षिक संस्थाहरूलाई जातीय विभेदरहित, छात्रामैत्री र अपाङ्गमैत्री बनाइयोस् ।

२७) बौद्धिक अपांगता, दृष्टिविहिन, श्रवणशक्ति नभएका आदि सबै विद्यार्थीहरूलाई विशेषता र प्रविधि अनुसारको ब्रेल लिपि, सांकेतिक भाषा आदि सुविधामा छात्रावास सहित निःशुल्क पढ्न पाउने सुनिश्चितता गरियोस् ।

२८) मदरसा र गुम्बा लगायत धार्मिक संस्थाहरू मार्फत सञ्चालित विद्यालयलाई व्यवस्थित गरियोस् साथै मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था मिलाइयोस् ।

२९) विद्यालय तहमा विदेशी पाठ्यक्रम बन्द गरियोस् साथै भारतीय (CBSE) बोर्ड र अन्य विदेशी बोर्डबाट सम्बन्धन लिई सञ्चालित शैक्षिक संस्थाहरूलाई खारेज गरियोस् ।

३०) क्षेत्रीय रूपमा खोलिएका विश्वविद्यालयहरूले काठमाडौं केन्द्रीत वा शहर केन्द्रीत रूपमा मनपरी ढंगले दिइरहेको सम्बन्धनलाई खारेज गरियोस् साथै ती विश्वविद्यालयको स्थापनाको उद्देश्यलाई ध्यान दिइयोस् ।

३१) विभिन्न भाषा पाठशाला, ट्युसन सेन्टर, शैक्षिक परामर्श केन्द्र, कम्प्युटर तालिम केन्द्र, होस्टल, मन्टेश्वरी लगायतका नाममा मनपरी रूपले सञ्चालित संस्थाहरूलाई तत्काल कानुनको दायरामा ल्याइयोस् ।

३१) सर्वोच्च अदालतको २०६९ को आदेश अनुसार १ पटकमा १० प्रतिशत शुल्क बढाएपछि ३ वर्षसम्म बढाउन नपाउने आदेशलाई कडाइका साथ लागु गरियोस् साथै विद्यार्थी संगठन, अविभावक संघ, प्याब्सन र एन-प्याब्सन सहितको टोली बनाइ विद्यालयको अनुगमन गर्ने व्यवस्था गरियोस् ।

३३) वैज्ञानिक तथा जनवादी शिक्षा लागू गरियोस् ।

क्रान्तिकारी अभिवादन सहित ।

मितिः २०७४, चैत ७ गते ।

अध्यक्ष
सेमन्त राज भण्डारी

## पेरिस...

गर्न लडे । मई २८ तारिखका दिन पेरे ला चायसे च्याहानका पर्खालहरूको सामु कम्युनका अन्तिम योद्धाहरू लड्दै मरे । कम्युनका बहादुर योद्धाहरूले, पेरिसका सुपुत्र-सुपुत्रीहरूले शत्रुको सामु कहिल्यै शिर झुकाएनन्, तर "पेरिस कम्युन अमर रहोस् ।" को नारा गुन्जाउँदै र बन्दुक हातमा लिई लड्दै वीरगति प्राप्त गरे । पेरिस कम्युनको हारपछि पुरानो समाजका रक्तपिपासु पुँजीवादी पिशाचहरूले निशस्त्र र निस्सहाय नरनारी र बालबालिकाहरूको आमहत्या गरी पेरिसमा रगतको खोलो बगाए । अन्तिम आम जन-हत्या भएको "कम्युनार्डहरूको परखाल" पुँजीवादी न्याय र सभ्यताको बर्बरता र पशुत्वको एउटा स्पष्ट प्रमाण बनेको छ ।

पेरिस कम्युनको हार भयो, तर हातमा बन्दुक लिई राजनैतिक सत्ता कब्जा गर्नमा, पुँजीवादी राज्य-यन्त्रलाई ध्वस्त पारी सर्वहारावर्गको अधिनायकतन्त्र कायम गर्नमा र पेरिस कम्युनको सुरक्षा गर्नमा पेरिसका बहादुर मजदुरहरूले जुन "स्वर्गमा धावा बोल्ने" वीरता र आत्मबलिदानी भावना देखाए, त्यो नौलो विश्वका निर्माता विश्व सर्वहारावर्गको लागि प्रेरणाको र उत्साहको कहिल्यै नसुक्ने स्रोत बनेको छ र सर्वहारा मुक्ति संघर्षमा एउटा मार्गदर्शक ज्योति बनी चम्केको छ ।

पेरि कम्युनको असफलताले विश्व सर्वहारावर्गको लागि अमूल्य ऐतिहासिक शिक्षा र अनुभवहरू प्रदान गऱ्यो ।

विभिन्न वस्तुगत र मनोगत अवस्थाहरूले गर्दा पेरिस कम्युन असफल भयो । पेरिस कम्युनको समयमा सर्वहारा क्रान्तिको लागि आवश्यक अवस्थाहरूको विकास भइसकेको थिएन । मजदुरवर्गको आन्दोलनमा मार्क्सवादी सिद्धान्तले व्यापक र दरो प्रभाव पारिसकेको थिएन । खास गरी उक्त आन्दोलनमा निम्न-पुँजीवादी डफ्फाहरू, प्रुधोंवादी र ब्लैंक्वीवादी डफ्फाहरूको गहिरो प्रभाव थियो र पेरिस क्रान्तिको नेतृत्व पनि उनीहरूकै हातमा थियो । मूल कुरा त के भने मजदुर संघर्षमा नेतृत वगर्ने एउटा सच्चा सर्वहारा राजनैतिक पार्टी, मार्क्सवादी पार्टीको अभाव थियो । यै मूल कारण थियो जसले गर्दा कम्युनको तर्फबाट कतिपय राजनैतिक, आर्थिक र कार्यनैतिक गल्तीहरू भए ।

कम्युनको एउटा सबभन्दा ठूलो र भयानक गल्ती कुन कुरामा रहन गयो भने मार्च १८ तारिखमा क्रान्तिको विजयपछि त्यसले भर्साइलमा भागेर गएको पुँजीवादी सरकारको प्रतिनिधि डफ्फालाई ध्वस्त गर्नेतर्फ आफ्नो हमलालाई बढाएन । त्यसको उल्टो, उक्त देशद्रोही र खुंखार डफ्फालाई भर्साइलमा बसेर कम्युनको विरुद्ध विदेशी शत्रुसंग मिली विभिन्न षडयन्त्र गर्ने र शक्ति बटुल्ने मौका दिइयो । यो एउटा साँच्चिकै ठूलो राजनीतिक गल्ती थियो ।

कम्युनको तर्फबाट भएको अर्को ठूलो गल्ती के थियो भने त्यसले क्रान्तिको एउटा ठूलो सहयोगीको रूपमा किसानहरूको भूमिकालाई र मजदुर-किसान मेलको महत्वलाई बुझ्न सकेन ।

कम्युनबाट हुन गएको अर्को गल्ती के भने त्यसले बैंक अफ फ्रान्सलाई आफ्नो हातमा लिएन । लुटाहाहरूको सम्पत्ति जफ्त गर्ने कार्यमा कम्युनले दरोसित जसरी अघि बढ्नुपर्ने थियो, त्यो गरिएन र बैंक अफ फ्रान्सलाई पुँजीपतिवर्गकै हातमा रहन दिइयो । यो, कम्युनको एउटा गंभीर राजनैतिक गल्ती थियो । राजनैतिक सत्ता त कब्जा गरियो, तर पुँजीपतिवर्गको आर्थिक शक्तिलाई पूरैसित ध्वस्त पारिएन । फलस्वरूप, पुँजीपतिहरूले बैंकबाट सुन, चाँदी र पैसा ओसार्न पाए र त्यसलाई कम्युनको विरुद्ध उपयोग गर्ने अवसर पाए ।

यसरी, क्रान्तिको सही नेतृत्व गर्ने, मार्क्सवादी सिद्धान्तअनुसार बनेको सच्चा सर्वहारा राजनैतिक पार्टीको अभावमा कम्युनबाट कतिपय गंभीर गल्तीहरू भए । यस्ता गल्तीहरू भए तापनि पेरिस विद्रोह सर्वहारावर्गको एउटा निकै गौरवशाली कार्य थियो, र कम्युनले नौलो, वर्गहीन समाजको अग्रणीको गौरवशाली स्थान ओगटेको छ ।

पेरिसको हारबाट शिक्षा लिई कार्ल मार्क्सले "सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त प्रतिपादन गर्नु भयो किनकी पेरिसका कम्युन क्रान्तिकारी कम्युनिष्ट पार्टी पनि थिएन र त्यसको मातहातमा जनताको सेना पनि थिएन, जसको कारण कम्युनले नराम्रोसँग प्रजाय भोग्नु परेको थियो ।"

पेरिस कम्युन विश्व सर्वहारावर्गको मुक्ति संघर्षको रक्तरंजित इतिहासमा एउटा सुनौलो पृष्ठ रहेको छ । पेरिस कम्युनको सर्वहारा क्रान्तिमा पेरिसका मजदुरहरूको क्रियाकलाप मजदुरवर्गमा रहेका लडाकू भावना, वीरतापूर्ण बलिदान क्रान्तिकारिता, महान् ऐतिहासिक तत्परता र त्यसमा निहित क्षमताको स्पष्ट अभिव्यक्ति थियो । संसारलाई फेरिनु पर्छ र फेर्न सकिन्छ र यस हेरफर ल्याउने महान ऐतिहासिक अभिभारालाई पूरा गर्नसक्ने एकमात्र वर्ग मजदुरवर्ग हो । पेरिस कम्युनले दिएको मूल सन्देश यै हो । यस विषयमा मार्क्सले भन्नु भएको छ 'आफ्नो कम्युनसहित मजदुरहरूको पेरिस एउटा नौलो समाजको गौरवशाली अग्रणीको रूपमा हमेशा जन-सम्मानको पात्र बनिरहनेछ । त्यसका शहीदहरूले मजदुरवर्गको महान् हृदयमा सदाको लागि ठाउँ ओगटेका छन् ।'

## सांगठानिक गतिविधि

### देजमो काठमाडौंको प्रथम जिल्ला सम्मेलन सम्पन्न



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको काठमाडौं जिल्लाको प्रथम जिल्ला सम्मेलन सम्मपन्न भएको छ । गएको शनिवार सम्पन्न उक्त सम्मेलनले अध्यक्ष खगेन्द्र छन्त्यालको अध्यक्षतामा ३९ सदस्यीय समिति गठन गरेको छ । सम्मेलनले उपाध्यक्षद्वय इन्दिरा घिमिरे र अम्बिका पाण्डे, सचिव निवासचन्द्र श्रेष्ठ, सहसचिवद्वय ईश्वरदास सायमि र रविन्द्र मिश्र र कोषाध्यक्षमा ढोग प्रसाद अधिकारी चुनिनु भएको छ ।

सम्मेलनमा प्रमुख अतिथि देजमोका केन्द्रीय अध्यक्ष सी.पी. गजुरेल, देजमोका ३ प्रदेश संयोजक पवनमान श्रेष्ठ, नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य एवं काठमाडौं जिल्ला इञ्चार्ज प्रवेश, केन्द्रीय सदस्य सरु र देजमोका केन्द्रीय सदस्य हरिकृष्ण गजुरेलको उपस्थिति रहेको थियो ।

### चितवनमा अभियान तीव्र



चितवन । देशभक्त जनगणतान्त्रीक मोर्चा , चितवनले ३ महिने सांगठनिक सुदृढीकरण तथा जनपरिचालन अभियान अन्तर्गत संगठन निर्माण अभियानलाइ तिब्रता दिएको छ । भरतपुर नगरपालिका २४ र २५ वडाको संयुक्त भेला देजमो जिल्ला सदस्य किरण पाठकको अध्यक्षतामा हिजो आइतवार सम्पन्न भएको छ । भेलाले डम्बर ब मगरको अध्यक्षतामा ११ सदस्यीय समिती निर्माण गरेको छ । समितिमा उपाध्यक्ष परमेश्वरी चौधरी, सचिव बिष्णु मगर, सदस्यहरूमा चन्द्रमाया तामाङ ,पुर्ण कुमाल, सीता लामा, शिला लामिछाने, अनिता बिक, मायादेवी सापकोटा ,रूपेस सुनार, यज्ञ बहादुर राणा रहनुभएको छ । कार्यक्रममा देजमोका केन्द्रीय सदस्य एवम् जिल्ला अध्यक्ष प्रमुख अतिथि अशोक शर्मा र पार्टी जिल्ला सदस्य बिपिनको उपस्थिति रहेको थियो ।

यसैगरी चैत्र ९ गते नेकपा (क्रान्तिकारी माओवादी ) के.स., चितवन जिल्ला इन्चार्ज एवं देजमोका केन्द्रीय सचिवालय सदस्य अम्बिका मुडभरिको प्रमुख आतिथ्यतामा भरतपुर नगरपालिकाको वडा नं २१ भेला सम्पन्न भएको छ । भेलाले ११ सदस्यीय समिति गठन गरेको छ जसको अध्यक्ष अरुणा राउत थापा, उपाध्यक्ष बालकृष्ण चापागाईं, सचिव कृष्णा बि. क., सहसचिव कमला दुवाडी, कोषाध्यक्ष हरिमाया परियार , सदस्यहरूमा उद्धव चौलागाईं , अञ्जु सेन, चन्द्रकला परियार, सीता सुनार, पदमराज पन्त रहनु भएको छ । भेला जिल्ला सदस्य अरुणा राउतको अध्यक्षतामा सम्पन्न भयो । यसरी नै भरतपुर महानगर संयोजक बाबुराम प्यासिको प्रमुख आतिथ्य र क्रान्तिकारी युवा लिगका ईलाका संयोजक रामचन्द्र बि.क.को उपस्थितिमा सम्पन्न वडा न. १७को भेलाले सिमा परियारको अध्यक्षतामा ११ सदस्यीय वार्ड कमिटी निर्माण गरेको छ । जसको उपाध्यक्ष बिमला बिक, सचीव सरस्वती बिक, सदस्यहरू दिपक थापा , आइतमान परियार, लक्ष्मी बिक, राममाया बिक , बुद्दिमाया परियार, तारा बिक, फुलमाया बिक रहनु भएको छ । यस कमिटीमा १ सदस्य पछि थपिने भएको छ ।

त्यस्तै चैत्र ५ गते देशभक्त जनगणतान्त्रीक मोर्चा चितवन , भरतपुर महानगर पालिका वडा न. ११ को भेला मोर्चाका जिल्ला सदस्य भिमराज पौडेलको अध्यक्षतामा जिल्ला संयोजक अशोक शर्माको प्रमुख आतिथ्य , महानगर संयोजक बाबुराम प्यासी परियार , पार्टी का ३ न. प्रदेश सदस्य एवम् सुकुम्बासी संघका केन्द्रिय अध्यक्ष नरबहादुर गौतम , महिला जिल्ला अध्यक्ष शुभलक्ष्मी खनाल लगायतका नेताकार्यकर्ताहरूको उपस्तिथिमा सम्पन्न भेलाले १३ सदस्यीय वडा कमिटी निर्माण गरेको छ । जसको अध्यक्ष भिमराज पौडेल , उपाध्यक्ष मधु बजगांइ, सचिव देव ब. राई, कोषाध्यक्ष मिना बि. क., सदस्यहरूमा सरस्वती खडका, देबु श्रेष्ठ , शृजना धमेल, देवि बि.क , कमल परियार , तुलसी सिंखडा लगायत रहनु भएको छ । यसैक्रममा सांस्कृतिक प्रतिरोध दिवसको अवसरमा अनेकोटका सहिदहरू प्रति सम्मान र श्रद्धाञ्जली सहित अशोक शर्माले मन्तव्य व्यक्त गर्नु भयो । बाबुराम प्यासी परियारले देजमोको महत्व र आगामी कार्यक्रमका बारेमा प्रकाश पार्नु भएको थियो ।

### सिन्धुपाल्चोक जिल्ला संगठन गतिविधिहरू

नेकपा (क्रान्तिकारी माओवादी)को ३ महिने अभियान अन्तर्गत सिन्धुपाल्चोकमा संगठन निर्माण तिव्र गतिमा बढिरहेको छ । अभियानको क्रममा ४ वटा इलाका कमिटि बनेको छ । जसमध्ये १ नं. इलाका (बाह्रबिसे) पञ्चमान लामाको नेतृत्वमा ७ सदस्यीय कमिटि, २ नं. इलाका कमिटि (जुगल बलेफी) खड्ग बहादुर थापा 'किसान'को नेतृत्वमा ३ सदस्यीय कमिटि, ३ नं. इलाका (चौतारा) तिलक श्रेष्ठको नेतृत्वमा ७ सदस्यीय कमिटि र ४ नं. इलाका (मेलम्ची) राजु कुमार खड्काको नेतृत्वमा ७ सदस्यीय कमिटि निर्माण गरिएको छ ।

त्यसैगरी राजु कुमार खड्काको नेतृत्वमा ७ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको कमिटि गठन भएको छ । उक्त कमिटिका सदस्यहरूमा तिलक श्रेष्ठ, टेक बहादुर जोशी, पासाङ लामा, पर्शुराम खतिवडा, खड्ग बहादुर थापा ' किसान' र हुम कुमारी लामा रहेका छन् ।

यसैगरी अभियानकै क्रममा विभिन्न जवस तथा मोर्चाहरू पनि निर्माण भएको छ । पर्शुराम खतिवडाको नेतृत्वमा युवा क्रान्तिकारी लिग, सञ्जय लामाको नेतृत्वमा मजदूर संगठन, पञ्चमान लामाको नेतृत्वमा शिक्षक संगठन, हुम कुमारी लामाको नेतृत्वमा महिला संघ, तिलक श्रेष्ठको नेतृत्वमा नेवाः राष्ट्रिय मुक्ति मोर्चा, विष्णु लामाको नेतृत्वमा तामाङ राष्ट्रिय मुक्ति मोर्चा र करुणराज थिङ पत्रकार तथा वर्गदृष्टि साप्ताहिक प्रतिनिधिको रूपमा चयन तथा संगठन निर्माण गरिएको छ ।

## नेपाली...

दश वर्षको जनयुद्ध र त्यसको जगमा विकसित भएको ०६२/६३ सालको जनआन्दोलनले सामन्तवादको नेतृत्व वगर्ने राजतन्त्रात्मक एकीकृत र केन्द्रीकृत सत्तालाई ढाल्न त ढाल्न सफल भयो तर विडम्बना के भईदियो भने न त सामन्तवादका सबै प्रकारका अवशेषहरूलाई समाप्त बनाउन पायो न त साम्राज्यवाद हाम्रो सन्दर्भमा भारतीय विस्तारवादलाई परास्त गरेर राज्यसत्ताको बागडोर सर्वहारावर्गका हातमा अथवा मजदुर, किसानका हातमा आउन सक्यो । तर यतिबेलाको राज्यसत्ता दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवादको गठजोड प्रतिक्रियावादको हातमा निहित हुन पुग्यो । जसका कारण उत्पीडनमा परेका जनताको जीवनमा कुनै फेरबदल आउने कुरा त परै जाओस् राष्ट्रिय स्वाधीनता विगतको भन्दा झनै कमजोर बन्न पुग्यो । दुःखको कुरा त यो रह्यो कि हिजोको नेपाली कांग्रेस, नेकपा (एमाले) भन्दा गएगुज्रेको गद्दारका रूपमा दशवर्षको जनयुद्धको मुख्य नेतृत्व गर्दै आएको प्रचण्ड, बाबुराम र बादलहरू बन्न पुगे । एकसाथ जनविरोधी संविधान बनाएर साम्राज्यवाद, विस्तारवादलाई सेवा गर्ने मात्र होइन दलाल नोकरशाही पुँजीवाद र सामन्तवादलाई बलियो बनाउन टुप्पीदेखि पैतालासम्मको तागत लगाई रहेका छन् । मार्क्सवादको खोल ओढेर घोर दक्षिणपन्थी बाटो हुँदै निर्वाचनका क्रममा जनतालाई भ्रम दिन बनाइएको कथित वाम गठबन्धन पार्टी एकतासम्म पुग्दा प्रतिक्रियावादमा पतनको दिशामा द्रूत गतिमा अगाडि बढिरहेको छ । जसले गर्दा उत्पीडित जनतामा एक प्रकारको अन्योलता, अविश्वास पलायनता र पर्ख र हेरको अवस्थामा पुऱ्याइदिएको छ । वर्तमान अवस्थाको यस प्रकारको धोकाधडीका बीचबाट पैदा भएको निराशा, अविश्वास र अकर्मण्यताजस्ता विषयहरूलाई तोड्दै क्रान्तिलाई अगाडि बढाउने जिम्मेवारी यतिबेला क्रान्तिकारीको काँधमा आएको छ ।

२. अबको बाटो

कुनै पनि क्रान्ति वा परिवर्तन कसैको मनोगत इच्छाले पनि हुँदैन र कुनै पनि क्रान्तिलाई कसैको मनोगत इच्छा वा सैन्य बलको आडमा वा दमनले रोक्न पनि सक्तैन । युगौदेखि उत्पीडनमा परेका नेपाली जनताका निमित्त आर्थिक, सामाजिकलगायत सबै क्षेत्रमा परिवर्तन चाहिएको छ । जनताले भोगिरहेका शोषण, दमन र उत्पीडनको अन्त भएको अनुभूति चाहेका छन् । समाजमा मानिस भएर बाँच्न चाहेका छन् । पटक-पटक पार्टीका नेताहरूले दिएको धोकाधडी व्यहोर्न पर्दा र दैनिक जीवनमा कुनै पनि बदलाव भएको अनुभूत गर्न नपाउँदा निराश र हतोत्साही बन्न पुगेका हुन् । आजसम्मको नेपालको इतिहासलाई फर्केर हेर्दा परिवर्तनका खातिर नेपाली जनताले मुख्यतः युवाहरूले त्याग, वीरता र बलिदानको कीर्तिमान कायम गरेका छन् । यसप्रकारको साहस, बलिदानको कीर्तिमानको उच्च मूल्यांकनसहित पुनः अन्तिम युद्धका निमित्त मालेमावादको वैचारिक आलोकमा उठेको क्रान्तिकारी पार्टीले उत्साह भर्नु आवश्यक छ ।

२००७ सालदेखि २०६२/०६३ सालसम्मको जनआन्दोलन मात्र होइन २००८/००९ सालको बारा, पर्सा, रौतहटदेखि १०/११ सालको कैलाली कञ्चनपुरसम्मको किसान आन्दोलन । २०३५/०३६ सालको जुगेडी-जुटपानीदेखि सिन्धुपाल्चोकको पिस्कर, धनकुटाको छिन्ताङसम्मका जुझारु आन्दोलन । लमजुङको पूर्तिघाटदेखि झापाको वर्गसंघर्ष । दशवर्षको विश्व हल्लाउने महान् जनयुद्ध भीषण वर्गसंघर्षका उपलब्धि तथा त्यहाँ उठाइएका मागहरूको कडीलाई जोड्न सक्नु पर्दछ । त्यहाँ भएका कतिपय नकारात्मक घटना परिघटनाबाट गहिरो पाठ सिक्दै त्यहाँबाट जन्मेका वैचारिक विचलनको चिरफार गर्दै अबको नेपाली क्रान्तिको खाका कोर्न पर्दछ । चरम मनोगत र महत्वाकांक्षाजस्ता विषयबाट टाढा रहँदै अत्यन्त ढिलासुस्ती, अकर्मण्यता, अराजकता र घिसेपिटे कार्यशैलीजस्ता गतिविधिबाट पार्टीलाई पचाउँदै चुस्त, दुरुस्त, संगठनात्मक परिपाटीको विकास गर्न आवश्यक छ । दुश्मनले के गर्छ र के भन्छ भनेर होइन, हाम्रो आफ्नो सर्वहारा वर्गीय दायित्व र भूमिका के हो भनेर सोच्न, पाइला चाल्नु आवश्यक छ । क्रान्तिकारीहरूले धैर्यताका साथ साहस गरेको अवस्थामा नेपाली जनता मुख्य त आफ्नो भविष्य र सन्ततिका निमित्त चिन्तित युवाहरू क्रान्तिमा लामबद्ध बन्ने निश्चित छ ।

३. अबको क्रान्तिलाई कसरी बुझ्ने

पहिलो- समाजमा व्याप्त रहेको अन्तरविरोधको समाधान न त संसदीय संविधानले दिन सक्छ न त संसदीय पार्टी वा कथित प्रजातन्त्रवादी भन्नेहरूले नै दिन सक्छन् न त संसदीय व्यवस्थाले नै दिन सक्छ । किनकि यो त विश्वस्तरमा आजसम्म प्रमाणित भएको अवस्था हो । त्यसको एक मात्र वैज्ञानिक समाधान भनेको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिकलगायत विविध क्षेत्रमा पुरानोलाई ध्वंश गरेर नयाँको निर्माण हो । त्यसो गर्न न त यिनीहरू ने.कां., एमाले र माके) विगतमा तयार भए न त वर्तमान वा भविष्यमा नै तयार हुनेछन् । यिनीहरूको काम भनेको वर्तमान संविधानलाई लागू गर्ने त्यो पनि उल्टो दिशामा संशोधन गरेर । किनकि यिनीहरूको सोच, विचार र चरित्र भनेको दलाल चरित्र हो । आफ्ना मालिकहरू साम्राज्यवाद, विस्तारवादले जे आदेश दिन्छ, यिनीहरूले त्यसैलाई कार्यान्वयन गर्ने हो । त्यसैले यतिबेला भ्रममा परेका जनतालाई भ्रमबाट मुक्त बनाउने दायित्व र कर्तव्य भनेको क्रान्तिकारीहरूको हो । मुख्यतः नेकपा (क्रान्तिकारी माओवादी) को हो । त्यसका लागि व्यापक जनताका बीचमा जाने, छलफल गर्ने, स्पष्ट पार्ने र संगठनका कुनै न कुनै निकायमा आबद्ध गर्ने हो । पार्टीले ल्याएको दुई महिने संगठन निर्माणको अभियानको महत्व यहींनिर छ ।

अहिलेसम्मका जनसंघर्ष, जनआन्दोलनका अनुभव मुख्यतः दशवर्षको जनयुद्धको अनुभवसहित अबको क्रान्तिको बाटो भनेको सशस्त्र जनविद्रोह हो भन्ने निष्कर्ष पार्टीले निकालेको छ । त्यो पनि अन्य देशको हुबहु नक्कल होइन हाम्रो आफ्नै नेपाली विशेषताअनुरूप हुनेछ । क्रान्तिमा बल प्रयोग अनिवार्य छ । त्यसका लागि जनता नै मुख्य शक्ति हुन् । हरेक संघर्ष वा आन्दोलनहरूमा युवाहरूको भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले यतिबेला युवाहरूलाई व्यापक मात्रामा संगठित गर्नु अहिलेको मुख्य कार्यभार हो । उनीहरूलाई संगठित गर्नु मालेमावादको वैचारिक ज्ञान, चेतना र क्षमताको विकास गर्नु, शारीरिक रूपमा सुसंगठित गर्नु पनि त्यत्तिकै आवश्यकता पर्दछ । किनकि हाम्रा दुश्मनहरूले जनताका विरोधी शक्तिहरूले युवाहरूलाई क्रान्तिबाट विमुख बनाउन, मानसिक रूपमा कमजोर बनाउन व्यापक मात्रामा अफवाह फैलाएर आतंकित पार्ने कूलतमा फसाउन प्रयत्न गर्ने र युवाहरूको ठूलो शक्तिलाई विदेशी भूमिमा गएर आफ्नो रगत, पसिना बेच्न विवश बनाउने कार्य गरिराखेका छन् । करिब एक करोड हाराहारीको युवाशक्ति विदेश पलायन गराएर रेमिट्यान्सको भरमा राज्य चलाइरहेका छन् । यो कुराको बोध युवाहरूलाई राम्रोसँग गराउन जरुरी छ । विदेशमा गएर रगत र पसिना बगाउने क्रममा दैनिक दर्जनौंको लास बाकसमा प्याक भएर आउनपर्ने बाध्यताको अन्त्य सदाका निमित्त गर्न राज्यसत्ता आफ्नो हातमा लिन लड्ने कुराको बोध युवाहरूलाई गराउन नसक्दासम्म क्रान्ति निर्णायक तहमा पुग्न सक्तैन ।

त्यसैले सर्वहारावर्गको पार्टीलाई क्रान्तिकारी बनाउँदै अगाडि बढाउन युवाहरूलाई मुख्यतः समग्र पार्टीलाई जुझारु बनाउन आवश्यक छ । यतिबेलाको आवश्यकता भनेको शासक र शासितका बीचको अन्तरविरोधलाई चर्काउने, पार्टीलाई जुझारु, एकताबद्ध सक्रिय बनाउने र जनसंगठनलाई व्यापक बनाएर मुख्यतः युवा संगठनलाई व्यापक विस्तार गर्न आवश्यक छ । साथै युवाहरूलाई जुझारु बनाउन शारीरिक तालिम तथा वैचारिक रूपमा स्तर उठाउन मार्क्सवादी अध्ययन, अनुसन्धान र प्रशिक्षण दिँदै जानु पर्दछ ।

४. क्रान्तिमा युवाहरूको भूमिका

विश्वका हरेक देशहरूमा हुँदै आएका क्रान्तिहरूमा युवाहरूको भूमिका अग्रणी रहँदै आएको कुरा सर्वविदित नै छ । मार्क्सवादी आन्दोलनमा मात्र होइन बुर्जुवा आन्दोलनमा समेत युवाहरूले नै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । अझ मालेमावादबाट निर्देशित र प्रशिक्षित सर्वहारावर्गीय आन्दोलन वा क्रान्तिहरूमा युवाको मुख्य नहुन कुरै भएन । किन भने बुर्जुवा सत्ताका सबैखाले अवयवहरूलाई ध्वस्त नबनाइकन र सर्वहारावर्गले नयाँ संरचना खडा नगरिकन सर्वहारावर्गको सत्ता न त टिक्न सक्छ न त सर्वहारावर्गको समग्र मुक्ति नै सम्भव छ । मुख्यतः आन्दोलनको अथवा क्रान्तिको नेतृत्व मालेमावादको विचारले गर्दछ तर क्रान्ति बल प्रयोगको भूमिका निकै महत्वपूर्ण हुन्छ । बल प्रयोग मात्र होइन सर्वहारावर्गको मुक्ति र समानताका ागि सर्वहारावर्गको आफ्नै सेनाको जरुरत पर्दछ । पेरिसको मजदुर विद्रोह होस् या रुसी अक्टोवर क्रान्ति होस् । चिनियाँ क्रान्ति होस् या कोरिया, भियतनामका क्रान्ति होऊन् र आखिर सबैमा सर्वहारावर्गले आफ्ना क्रान्ति होऊन् र आखिर सबैमा सर्वहारावर्गले आफ्नो सेवा बनाएर नै क्रान्ति सम्पन्न भएका हुन् । यो कुनै लुकेको विषय होइन । बरु कतिपय देशहरूमा व्यवस्थित रूपमा सेना नबन्दा र बनेका ठाउँमा मालेमावादका वैचारिक विचारबाट ठीक तवरबाट प्रशिक्षित हुन नसक्दा क्रान्ति बीचैमा तुहिने र क्रान्तिपश्चात प्रतिक्रान्ति रोक्न नसक्नुजस्ता कमजोरीहरू पनि नभएका होइनन् । अबका दिनमा सर्वहारावर्गले यी सबै पक्षहरूको आँकलन गरेर कदम चाल्न सक्नुपर्छ भन्ने पाठ पनि सिकाएको छ ।

हाम्रो सन्दर्भको कुरा गर्दा दशवर्षको जनयुद्धले सात डिभिजन सेना निर्माण गऱ्यो । त्यसमा मार्क्सवाद-लेनिनवाद-माओवादको विचारको महत्वपूर्ण पक्ष थियो । विचारका आधारमा खडा भएको सेनाका कारण दुश्मन सेनाले हजारौं वर्षदेखि प्रशिक्षित भएर आधुनिक हतियारका बलमा दमनमा निस्केका सेनालाई उच्च मनोबलका साथ खाली हात लड्दा पनि हराउन सकेन । बरु तिनै खाली हात लडेका जनमुक्ति सेनाले दुश्मनका सेनालाई धुलो चटाएर आधुनिक हतियार कब्जा मात्र होइन उनीहरूलाई ब्यारेभित्रै कैद बनाउन सफल भएको थियो । यो त रह्यो हाम्रो आफ्नै अनुभव । त्यसमा केही नकारात्मक शिक्षा पनि छन् । जब प्रचण्डजस्ता मुख्य लिडरले क्रान्तिलाई धोका दिए । वैचारिक रूपमा विचलन भए तर जीवनको बाजी लगाएर दुश्मनका विरुद्ध लडेको सेनाका मुख्य कमाण्डरहरू सर्वहारावर्गका पक्षमा क्रान्तिका पक्षमा मालेमावादको विचारको रक्षाको पक्षमा उभिन सकेनन् । यो नकारात्मक पक्षको पनि काफी मात्रामा समीक्षाको आवश्यकता छ ।

मालेमावादको वैज्ञानिक विचारको अडान रहँदासम्म दुश्मनका विरुद्ध लडेर यो देशको ८०% भूभाग कब्जा गरेर विश्वका सामु क्रान्तिकारी पहिचान बनाएको सकारात्मक पक्ष तथा विचारको विचलनपश्चात क्रान्तिकारी विचारको रक्षाका खातिर एक शब्द बोलन नसकेको नकारात्मक पक्षलाई समेत ध्यानमा राख्दै आगामी दिनमा क्रान्तिकारीहरूले ठीक तवरबाट भूमिका निर्वाह गर्न आवश्यक छ । त्यो के हो भने क्रान्तिसँगै प्रतिक्रान्तिलाई रोक्ने हतियार तयार पार्नु हो । मुख्यतः युवा शक्तिलाई मालेमावादको वैचारिक ज्ञान, सिद्धान्तबाट लैस गराउन मार्क्सवाद स्कुलिङलाई व्यवस्थित तवरबाट सञ्चालन गराउनुका साथै आम युवाहरूलाई आफ्नो वर्गको मुक्तिका खातिर रेडिकल तवरबाट संघर्षमा लामबद्ध हुने वातावरण तयार पार्नु हो ।

५. हेटौडा युवा प्रशिक्षणको महत्व

प्रतिक्रियावादी वर्गका पार्टीहरू त विगतका दिनदेखि नै सर्वहारावर्गको आन्दोलन तथा क्रान्तिलाई समाप्त बनाएर आफ्नो बुर्जुवा सत्ता टिकाउन हरतरहको दमन गर्न तल्लीन छँदै थिए । पछिल्लो समयमा माओवादी केन्द्रले समेत त्यही बाटो अवलम्बन गरेपछि विचारधाराका दृष्टिले शासक हुँदाहुँदै पनि प्रतिक्रियावादी शक्ति तथा प्रतिक्रियावादमा पतन हुँदै गएको यथास्थितिवादी शक्तिहरूको व्यापक भ्रममा कारण नेपालको सर्वहारावर्गीय आन्दोलन तत्कालका दृष्टिले कमजोर बन्न पुग्यो । कमजोर बनेको उक्त आन्दोलन मजबुत बनाउँदै लगेर नेपालको सर्वहारा वर्गीय आन्दोलनलाई निर्णायक बिन्दुमा पुऱ्याउने जिम्मा क्रान्तिकारीहरूको काँधमा आएको छ यही अभिभारा पूरा गर्ने क्रममा नेकपा (क्रान्तिकारी माओवादी)ले ३ महिने संगठन निर्माण तथा जनपरिचालन अभियान सञ्चालन गर्दैआएको छ ।

पार्टी केन्द्रको यही निर्णय र निर्देशन मुताबि ३ नं. प्रदेशको पार्टी निर्णय तथा क्रान्तिकारी युवा लिग ३ नं. प्रदेशको आयोजनामा २०७४ साल फागुन २८-२ चैतसम्म ५ दिने वैचारिक, राजनीतिक, सांगठनिक तथा शारीरिक प्रशिक्षणको उद्घाटन मकवापुर जिल्लाको हेटौडा उपमहानगरपालिका हर्नामादीको गुम्बा डाडामा पार्टीका महासचिव क.किरणले उद्घाटन गर्नुभयो । ३ नं. प्रदेशको विभिन्न जिल्लाबाट आएका युवाहरूले शारीरिक तालिम गर्दैगर्दा प्रतिक्रियावादी दलाल सत्ताको खड्ग ओली सरकारको योजना तथा बादलको ठाडो निर्देशनमा प्रहरी तालिम रोक्नका निमित्त दमनमा उत्रियो । तर हर्नामादीका जनताको साथ सहयोग र उच्च मनोबलसहित प्रशिक्षणमा सहभागी युवाहरूको प्रतिकारपश्चात राज्यसत्ताका भाट प्रहरीहरू पछि हट्न बाध्य भए । दलाल सरकारको ठाडो निर्देशन दमन गर्ने भएता पनि तल्लो तहका प्रहरी दमन गर्ने मनस्थितिमा थिएनन् भन्ने कुरा पनि सहजै बुझ्न सकिन्थ्यो । राज्यको दमनका बाबजुद युवाहरूको ५ दिने तालिम तथा प्रशिक्षण सानदार तथा भव्यरूपमा सम्पन्न भयो ।

युवाहरूको उक्त तालिमले पार्टीको निर्णयलाई तदारुकताका साथ कार्यान्वयन गर्ने मात्र होइन जनवादी क्रान्तिलाई पूरा गर्दै समाजवाद, साम्यवादमा पुग्ने लक्ष्य पूरा गर्न युवाहरू हामी तयार छौं भन्ने एउटा सन्देश प्रवाह गर्नसमेत सफल भएको छ । दुश्मनका सबैखाले हर्कतहरूलाई चिर्दै अगाडि बढ्न सकिन्छ भन्ने आँट र अठोट पनि उक्त प्रशिक्षँणले देखाएको छ । यसले आन्तरिक पंक्तिमा समेत सकारात्मक र नकारात्मक प्रवृत्तिहरूलाई सतहमा आउन बाध्य पारेको छ । समग्रमा भन्नुपर्दा युवाहरूमा एक प्रकारको ऊर्जा पैदान भएको छ । यस प्रकारको प्रशिक्षण जिल्ला-जिल्ला तहसम्म र अझ स्थानीय तहसम्म विकास गर्दै लैजान आवश्यक छ ।

जनताका दुश्मनहरूले उक्त प्रशिक्षण कार्यक्रमलाई रोक्न खोज्नु दमन गर्नु भनेको क्रान्तिकारीहरूले ठीकै गर्दै छौ भन्ने पनि हो । त्यति मात्र होइन मकवानपुर जिल्लाका आम परिवर्तनकामी जनतामा वास्तविक उत्साह छाएको पाइयो । त्यसको प्रत्यक्ष उदाहरण भनेको भ्रमवश माकेमा रहेर हर्नामादीको इञ्चार्ज शिवको भूमिका निर्वाह गरिरहेका इमान्दार क्रान्तिकारीहरूको तत्काल पार्टी प्रवेश मात्र होइन अन्य इमान्दारहरूको ठूलो पंक्ति हाम्रो पार्टीमा आतुर हुनेदेखि हर्नामादीका जनतामा हाम्रो पार्टीप्रति देखिएको सकारात्मक भावले वास्तवमा जनयुद्धका क्रममा जनताले गरेको सहयोग, समर्थन र मायाको झल्को आउँथ्यो । यसरी हेर्दा पार्टीलाई युवापंक्तिलाई रेडिकल बनाउने सन्देश युवाहरूको हेटौडा प्रशिक्षणले दिएको छ ।

व्यवस्थापकीय हिसाबले मकवानपुर जिल्ला पार्टीले खेलेको भूमिका अत्यन्तै सराहनीय रहेको पाइयो । जिल्लाका साथीहरूको व्यवस्थापनमा खटाइका हिसाबले मात्र होइन जनपरिचालन गरेर मेसमा आवश्यक वस्तु जुटाउने कुरामा समेत कुलतापूर्वक कार्यन्वयन गर्नुले उदासिनता र अकर्मण्यताले नराम्रोसँग गाँजेको आन्तरिक पंक्तिका निमित्त विचारमा मात्र होइन व्यवहारतह नै गलत साबित गरेर मकवानपुरले देखाएको अनुकूल भएको छ । अन्य जिल्लाहरूले त्यसबाट सिक्ने कोसिस गर्नुपर्छ भने मकवापुर स्वयंले त्यसबाट घमण्ड होइन, आफ्नो विचार र व्यवहारलाई अझै विकसित गर्न लाग्न जरुरी छ ।

**६ अन्तमा**

पार्टीको ३ नं. प्रदेश तथा क्रान्तिकारी युवा लिग ३ नं. प्रदेशले सम्पन्न गरेको युवाहरूको प्रशिक्षणले गरेको सकारात्मक प्रथालाई आत्मसात गदै आगामी दिनमा दुश्मनले खडा गरेका चुनौतीका पहाडहरूलाई छिचोल्न अझै ठूला ठूला दमन, धरपकड, डरत्रास र भागदौडको सामना गर्न मात्र होइन गम्भीर प्रकारका सुझाव, सल्लाह, तुच्छ प्रकारका गालीगलौजदेखि गम्भीर प्रकारका आलोचनाको सामना गर्दै अगाडि बढ्नुपर्छ भन्ने मानसिकता बनाउन पनि त्यत्तिकै आवश्यक छ । अहिलेको आवश्यकता पूरा गर्न वैचारिक, राजनीतिक, सांगठनिक र संघर्षमा गुणात्मक विकास गर्नैपर्दछ । एउटा क्रान्तिकारी पार्टीको सदस्य जोकोहीले आन्दोलनदेखि, आलोचनादेखि, आन्दोलनका क्रममा हुने कमीकमजोरीदेखि भागेर वा डरएर क्रान्तिकारीहुन सकिंदैन । दुश्मनले गर्ने दमनदेखि भागेर पनि क्रान्तिकारी हुन सकिंदैन । त्यसैले इतिहासले सुम्पेको जिम्मेवारी पूरा गर्न सबै क्रान्तिकारी युवाहरूलाई वैचारिक रूपमा खार्दै दुश्मनका विरुद्ध लड्न सक्ने आँट, हिम्मत र साहस गरौं । मकवानपुरमा भएको पाँच दिन प्रशिक्षणको महत्व यसैमा छ । नेपाली क्रान्तिको आजको आवश्यकता यनी नै हो ।



चैत ६ देखि चैत १३ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# गणतन्त्रको परिभाषा यस्तै हो र !

**चैत ६ गते ।** नेपाली तक्मा र पुरानो रक्सीको वोतल उस्तै भएको छ । नेपाली तक्मा बजारमा पनि पुराना बोतल बिक्री गरिए झैं सिफारिश चल्छ भन्ने कुरा नयाँ त होइन तर पञ्चायती कलमा मण्डलेहरूले जसलाई सिफारिश गऱ्यो उसैले तक्मा पाउँने परम्परा यथाबत नै छ । पञ्चायतको अन्तिम अन्तिम अवस्थमा मेरा एक मित्र दोलखामा प्रजिअ थिए । उनले मलाई दोलखा आउँन निकै कर गरिरहेका थिए । लौत भनेर तीन दिनका लागि म उनको पाहुना बनेर दोलखा गएँ । प्रजिअको पाहुना भनेपछि राम्रै स्वागत गरियो । जिल्लाका सबै कर्मचारी दिनको एक पटक भेला हुने र गफगाफ गर्ने जिल्लामा चलन रहेछ । भेला चलिरहेको थियो । यत्तीकैमा, 'जिल्लाको उत्कृष्ट कर्मचारीको नाम तक्माका लागि गृह मन्त्रालयले सिफासरश मागेको' विषयमा प्रजिअ कार्यालयका सम्बन्धित कर्मचारीले उठाए । एकाएक एउटा कुनामा बसेका कर्मचारीले कसैको नाम सिफारिशका लागि उच्चारण गरे । प्रजिअले मुख लेप्र्याउदै प्रश्न गरे 'ए त्यो फटाहा ? जसको नाम यहाँ पनि बद्नाम छ, उसैलाई तक्माको सिफारिश ?' प्रजिअको कुरा पूरा हुन नपाउँदै उही सिफारिको प्रस्थाव राख्ने कर्मचारीले भने, 'अहिलेसम्मको परम्परा यस्तै छ, जसले फटाँइँ गऱ्यो उसैले तक्मा पाएको छ, यो बर्ष अर्को फटाहाले पाउँछ, कत्रो कुरा भयो र ! प्रजिअ पनि ट्वाल्ल मत झनै टवाल्ल ।

**चैत ७ गते ।** आज मात्रै बाल यौन दुराचार र बोक्सीको आरोपका पाँचवटा समाचार आए । यो बैज्ञानिक युगमा किन मानिसले यस्तो दुराचारी काम गर्छ हँ ? यो प्रश्नले नेपालको मान, सम्मान, अमन र अन्तरार्ष्ट्रिय समाजमा नकारत्मक प्रभाव परिरहेको छ । केही समय पहिलेसम्म त दुराचारी समाज थियो, पाखुरीको भरमा ह्याकुलाले पेलेर सामन्तीहरू समाजको शोषण गरिरहेका थिए । अब त देश पूर्ण गणतान्त्रिक भैसकेको छ, भलै जनगणगन्त्र आएको छैन । कम्तिमा जनप्रतिनिधिहरूले गाउँ गाउँमा गएर जनतालाई शिक्षा दिने, अपराधि प्रबृत्तीका मानिसलाई सतर्क गराउँन सक्नुपर्ने होइन र ? कि गणतन्त्रको परिभाषा चुनव लड्ने, चुनाव जित्ने र पाँचवर्षसम्म राष्ट्रको दोहन गर्ने मात्रै सोच हो ? यदि यसो हो भने कुर्सी छोडेर टाडैको बाटो लाग्दा हुन्छ है ।

**चैत ८ गते ।** संविधानले तोकेको सीमालाई मिचेर भागवण्डाका लागि मन्त्रालय बडाएर मन्त्रीमण्डल गठन गरियो । यो परम्परा राम्रो होइन । जनता बोल्दैनन्, जे गरे पनि हुन्छ भन्ने सोचलाई अब त्याग्नुपर्छ । जनता नवोल्ने होइन्, जनप्रतिनिधिले जनता बोलेको नसुनेको मात्रै हो । जनता बोलेपछि नेताले ओछ्यान लगाउँने ठाउँ भनेको फुटपाथ हो । फुटपाथको चिसो निकै खतरा हुन्छ र निमोनियाँ हुन्छ, सबैलाई ख्याल भया !

**चैत ९ गते ।** विद्वान नेता तथा पुर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले नयाँ प्रधानमन्त्री केपी आलीलाई वढो सालिन भाषामा सल्लाह दिएछन्, 'सदाँचार का लागि निवासमा हुने भेटघाट छाड्नुपर्छ ।' कुरा त राम्रै हो तर प्रधानमन्त्री भन्दा तलका नेताले पनि ती कुरा बुझ्नुपऱ्यो, म किन प्रधानमन्त्रीलाई भेट्तै छु' । यो अनुशासन भनेको यस्तो एउटा वाक्य हो जसले समाजलाई मुर्कट्टा जस्तै बनाएर बाँधेको हुन्छ । नेता देखि कार्यकर्तासम्मलाई काउसो छर्किएर बुर्लुक बुर्लुक उफारी रहन्छ ।

**चैत १० गते ।** आज चैत १० गते । अर्को कुनै राजनीतिक भूकम्प आएन भने एक महिनापछि एमाले–माके एउटै सूत्रमा बाँधिने पक्का भैसकेको छ । यो बैशाख १० गते भनेको नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको दिन हो । नेताहरूले साइत त राम्रै जुराएका छन् तर जुट पछिको फुटको साइत पनि हेरेका छन् कि छैनन् ? कस्ले धुम्वाराही र पेरिश डाँडामा यो समाचार पुऱ्याउला हँ ?

**चैत ११ गते ।** हो, प्रेस स्वतन्त्रता भनेको छाडा तन्त्र होइन । भारतका प्रधान न्यायाधिशले यो प्रश्न उठाएका छन् जुन जायज छ । स्वतन्त्रताका नाममा जे पनि लेख्न पाइने मुलुक सन्सारमा छैन । एउटा अनलाइन समाचारका विषयमा सम्बन्धित समाचारका व्यक्तिलाई भारतका प्रधान न्यायाधिशले प्रश्न उठाइरहँदा नेपाली समाचार र अनलाइनका पर्दाहरूमा पनि आँखा दौडाउँनुपर्छ जुन अहिलेसम्म हुन सकेको छैन । यसले गर्दा निस्पक्ष समाचार सम्प्रेशण गर्नेहरूले पनि मुख छोपेर हिड्नु पर्ने भएको छ ।

**चैत १२ गते ।** यो हप्ता यो स्तम्भकारसँग पुराना शिक्षाविद्ले, 'नेपालको शिक्षाका बारेमा नारात्मक टिप्प्णी गरे, जुन यस प्रकार छ । नेपालमा हाल चालू अवस्थामा रहेका विश्वविद्यालयहरू मध्य दुइवटाले मात्रै योजना अनुसार शिक्षा दिइरहेका छन् बाँकी विश्वविद्यालयका उपकुलपतिहरू राजधानीको सम्पर्क आर्यालयमा बसेर नोट मात्रै गनिरहेका छन् । नोट गन्छन्, आफू कुम्याउँछन् । नेता कहाँ पुऱ्याउँछन् र सम्बन्धन वितरण गर्छन् । यत्ति हो यिनीहरूको काम । नभन्दै मध्यमाञ्चल विश्वविद्यालयको के काम ? उसको मातहतमा एकसय विद्यार्थी छैनन् । पुर्वाञ्चल, पश्चिमाञ्चल, सूदुर पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र यस्तै कृषि, संस्कृत र अन्य विश्वविद्यालयको कुनै काम छैन ।

**चैत १३ गते ।** भूपू हाकिम कर्मचारी, मन्त्री लगायतको सुरक्षाका नाममा साना प्रहरी कर्मचारी, सशस्त्र र सेनाका जवानहरूलाई घरघरमा कामदार वनाइरहेको समाचार नयाँ होइन । पुरानै कुरालाई किन लम्याउँनु, कुनकुन कर्मचारी कहाँ कहाँछन् उनीहरूलाई सम्बन्धित ठाउँमा हाजिर गराउन प्रधानमन्त्री केपी ओलीले गृह र रक्षा मन्त्रीलाई के आदेश दिएका थिए, गृहका हाकिमले मात्रै पाँच हजार भन्दा बढी प्रहरी नै लुकाएर मन्त्रीलाई सूची बुझाएछन् । सेनामा कति छन्, सशस्त्रमा कति छन्, त्यो सूची त आउँनै बाँकी छ । अब परेन फसाद ! म प्रधानमन्त्री भैदिएको भए ती लुकाएका प्रहरीको तलव भत्ता पनि गृह कै हाकिमलाई ख्वाउँन आदेश दिन्थें । अव हेरौं केपीले के गर्छन् ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, बीरगंज, चपुर, निजगढ, रौतहट

बल्खु, काठमाडौं

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर

बसन्त खड्का - ९८४२८३७७९३

- ९८७७३९६९९७

ईन्द्र कट्टेल - ९८१८४१२९०

गाईघाट सम्पर्क नम्बर

फोन नं. ०३५-४२१६४३

पुरुषोत्तम खनाल - ९८५२८४५६९०

- ९८५२८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

रिजर्भ चाहिएमा सम्पर्क

सानोभाई थापा - ९८४४२५२३८५

सानोभाई फलफूल एण्ड जुस भण्डार

टाटासुमो बोलेरो

काठमाडौं फोन

सिन्धुली फोन

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# नेपाली समाजको राजनैतिक अन्तरविरोध



● नारायण अधिकारी

नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक एवं नव-औपनिवेशिक मुलुक हो । यस्तो देशमा अन्तरविरोधै अन्तर-विरोधको गुजुल्टो हुन्छ । धेरै अन्तरविरोधहरू जोल्ठीएर बनेको गुजुल्टो फुकाउन धेरै गाऱ्हो हुन्छ । तर यसको पनि फुकाउन सकिने तरिका हुन्छ । राज्यसत्ता पक्षीय शक्तिहरू पनि सोलोडोलो एउटै छैनन् । राज्यसत्तामा शक्तिहरू पनि विविध छन् । यतिबेला राज्यसत्तामा मुख्यगरी तीन तह सामेल छन् । ती यसप्रकार छन् : (१) सत्ता सञ्चालनको असाध्यै लामो अनुभव सामन्दवाद (२) सामन्तवादसँगै संसर्ग गर्दै आएको सत्ता संचालनको लामै अनुभव भएको नोकरशाही पुँजीवादी शक्ति र (३) साम्राज्यवाद र विस्तारवादले आफ्नो प्रतिनिधिको उपमा नेपालभित्रै निर्माण गरेको दलाल पुँजीवादी शक्ति । यी तीन तत्वहरू एक अर्कोबाट कुनै हालतमा पनि छुट्टिन नपरोस् भनी जोल्ठीएर रहेका छन् । यिनीहरूको यो गठजोडमा पनि यतिबेला मुख्य हाँकोडाँको चाँही दलाल पुँजीवादीहरूकै छ । मुख्य गरी दलाल तत्वहरूले नेपालको सन्दर्भमा भारतीय विस्तारवादको एकधिकार पुँजीवादी योजनाहरूलाई जनतामा जवरजस्ती थोपरिरहेका छन् । सबैभन्दा पहिले यिनीहरू नव-उदारवादी सिद्धान्त अनुसार आफू स्वयम्लाई दलालमा रूपान्तरण गराई देशलाई नव उपनिवेशवादमा हुत्याएका छन् । सिङ्गै देशलाई परिनिर्भरताको खाल्डोमा हालिसकेपछि जनतालाई भेडा बाख्रा बनाउन उनीहरूलाई कति पनि असजिलो भएको छैन । सरकार सदन, अड्डा-अदालत, सेना, कर्मचारी, पुलिस सबका सब कठपुतली भएका छन् । कठपुतलीले आफुले कहिल्यै र कहिं पनि नयाँ र जनताको काम गर्नु पर्दो रहेनछ । मालिक वा प्रभुले जसो-जसो भन्यो त्यसै-त्यसै गरि दिएपछि पुगिहाल्दो रहेछ । यति जनता अन्यायका विरुद्ध विद्रोहमा उत्रिहाले भने आफ्नो मात्र तागतले दमन गर्नु पर्ने बाध्यता समेत पर्दो रहेनछ । तुरुन्ताको तुरुन्तै मालिक वा प्रभुले आवश्यक हतियार साधन स्रोत र जनशक्ति पठाइ हाल्दो रहेछ । प्रभु रिझाउन सकेपछि जनतालाई जतिबेला पनि आतंकित पार्दै कावुमा राख्न सकिहालियो । यहि अनुकूलताको फाइदा उठाएर होला आज दलालहरू असाध्यै मख्ख भएर राज्य सत्तालाई घोर भन्दा घोर प्रतिक्रियावादी ढंगले हाँकिरहेका छन् । इतिहासलाई राम्रोसंग विश्लेषण गर्दा के देखिन्छ भने जनताले चाँही सँधैभरी नै अन्याय, अत्याचार सहेर बस्न भने सक्दैनन । जम्मै जसो इतिहास जनसमुदायले नै निर्माण गर्दै आएका छन् । नेपाल मात्रै त्यसको अपवाद बन्न सक्दैन । हिजो यहाँ लामौ अवधि राजतन्त्रकाल थियो । राजतन्त्रकालमा राज्यसत्ताको नेतृत्व सामन्तवादले गरेको थियो । त्यो कुरा हामी सबैलाई थाहा भएकै कुरा हो । त्यो राजतन्त्रकालको खराव अवधिलाई जनताले राम्रोसँग बुझिसके पछि अर्को व्यवस्था गणतन्त्रकाल ल्याएकै हुन । यो गणतन्त्रकालमा पनि जनताको अवस्था उत्तिकै खराब छ । यो व्यवस्थामा पनि जनतालाई दुख दिनका लागि दलाल पुँजीवादी तत्वले नै नेतृत्व गरेको छ । दलाल पुँजीवादले नेतृत्व गरेको यो बुर्जुवा गणतन्त्रकाल पनि अस्थायी कुरा हो । यो बुर्जुवा गणतन्त्रकाल पनि समाप्त भएर जान्छ र जनताको आफ्नो जनगणतन्त्रकाल आउनेछ । तर त्यतिकै गणतन्त्रकाल जनगणतन्त्रकालमा भने बदलिने छैन । यसको लागि जनताले अलिकति असजिलो बाङ्गो टिङ्गो र जटिल बाटो भने रोज्नै पर्छ त्यो बाटो पार गर्नैपर्छ । त्यो असजिलो, बाँङ्गो टिङ्गो र जटिल बाटो भनेको के होला त ? यो पक्कै सबैको जिज्ञासाको विषय हो । हामीले धेरै नै मेहनत गर्दै, जनतालाई कुरो बुझाउँदै, वलिदानहरूको कोटाहरू एकपछि अर्को गर्दै पूरा गर्दै अगाडि बढ्नुको कुनै विकल्प छैन । माथि हामीले चर्चा गरेको अन्तरविरोधको गुजुल्टोको जुन कुरा छ । हो त्यो गुजुल्टोलाई हामीले राम्रोसँग केलाउनु पर्दछ । अन्तरविराधै अन्तरविरोधको गुजुल्टोलाई केलाएर छिनाकाँटा लगाउने तरिका हामीलाई मार्क्सवाद-लेनिनवाद-माओवादले राम्रोसँग सिकाएको छ । हाम्रो देश जस्तो पुँजीवादी क्रान्तिसम्म पनि नभएको देशमा अन्तरविरोधको गुजुल्टो कसरी केलाउने ? भन्ने बारेमा मुख्य गरी माओवाद दर्शनले सिकाएको जुक्ति बढी लाभदायक छ । माओवाद दर्शनले के भन्छ भने अन्तरविरोधै अन्तरविरोधको गुजुल्टो भएको देशमा अन्तरविरोध फरक ढंगले हल गर्नुपर्दछ । धेरै अन्तरविरोधको गुजुल्टो भित्र सबै अन्तरविरोध उत्तिकै र समान हुँदैनन् । त्यो गुजुल्टो भित्र एउटा अन्रतविरोध सबै अन्तरविरोध भन्दा फरक हुन्छ । अन्तरविरोधको उ मुख्य पक्ष भइरहेको हुन्छ । अरु बाँकी सबै अन्तरविरोधहरू चाँही त्यही मुख्य पक्षबाट प्रभावित भइरहेका हुन्छन् । यदि अन्तरविरोधको गुजुल्टो भित्र मुख्य पक्ष पत्ता लाग्यो र त्यो हल ...बाँकी ५ पेजमा

# अन्तर्राष्ट्रिय जातीभेद उन्मूलन दिवस पोखरामा सम्पन्न

पोखरा । नेपाल दलित मुक्ति मोर्चा कास्कीको आयोजनामा ५३ औं अन्तर्राष्ट्रिय जातीभेद उन्मूलन दिवस (२१ मार्च २०१८) पोखरामा संम्पन्न भएको छ । मोर्चाका कास्की जिल्ला संयोजक राजकुमार सुनारको अध्यक्षतामा संम्पन्न उक्त कार्यक्रममा स्वागत मन्तव्य कुलवहादुर विश्वकर्माले गर्नु भएको थियो र कार्यक्रमको सञ्चालन बाबुराम मिझारले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा ने. के. पा. (क्रान्तिकारी माओवादी) पोलिटब्यूरो सदस्य तथा दलित मोर्चा केन्द्रिय फयाक्शन इन्चार्ज केशवहादुर परियार, पोलिटब्यूरो सदस्य तथा ४ नं. प्रदेश सचिव श्याम, दलित मोर्चा केन्द्रिय सदस्य सिता परियार, पार्टी केन्द्रिय सदस्य कमरेड अरुण लगायत जबस मोर्चाका नेताहरू, पार्टी जिल्लाका नेताहरूको उपस्थिती रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल दलित मुक्ति मोचाको तर्फबाट इन्चार्ज केशवहादुर परियारले अन्तर्राष्ट्रिय जातीभेद उन्मूलन दिवसको सन्दर्भ र त्यसको महत्वको बारेमा तयार पारिएको लिखित अवधारण प्रस्तुत गर्नु भएको थियो । उक्त अवधारण यस प्रकार रहेको छ :

५३ औं अन्तर्राष्ट्रिय जातीभेद उन्मूलन दिवस (२१ मार्च २०१८) सफल पारौं ॥

" नेपाली एकताभित्र समावेशिता र बहुलताप्रति सम्मान तथा सहिष्णुता प्रवर्द्धनका लागि जातीय विभेद व्यबहारिक रूपमै अन्त्य गरौः आफू पनि नगरौं, अरुलाई पनि गर्न नदिऊ"

"Promoting tolerance, inclusion, unity and respect for diversity in the context of combating racial discrimination"

"सबै प्रकारका जातीय भेदभाव र छुवाछुतको अन्त्य गरौं, सामाजिक न्याय र समतामूलक समाज निर्माणमा एकजुट होऔं "

मानव सभ्यताको चरम आधुनिक युगमा पनि दास युगिन मानसिकता अर्थात "जातीय पूर्वाग्रही सोच र जातीय विभेद पूर्ण व्यवहार" बाट नेपाली जनसंख्याको एउटा ठूलो हिस्सा आज पनि प्रताडित छ । समानता र स्वतन्त्रतापूर्वक बाच्न पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो भनेर अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूले व्यवस्था गरेको भए पनि मानव सभ्यताको अति विकसित यस कालखण्डमा मानव भएर मानव हुनुको समान अनुभूति गर्न नपाएका जातीय उत्पीडनले थलिएकाहरूको एउटा ठूलो जमात आज पनि नेपालमा रहनुले विश्वमञ्चमा नेपालको राष्ट्रिय छवि र गौरव लज्जास्पद बन्दै गइरहेको छ ।

जातीभेद उन्मुलनको अन्तर्राष्ट्रिय दिवस हरेक वर्ष मार्च २१ तारिखमा मनाइन्छ । सन १९६० मार्च २१ को दिनमा दक्षिण अफ्रिकाको शार्पभिल्ले नगरमा रगंभेदी कानुनविरुद्ध भएको एक शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले गोली चलायो र ६९ जना अधिकारकर्मीहरूलाई मारियो, ३०० भन्दा बढीलाई घाइते बनायो । सन १९६६ मा संयुक्त राष्ट्रसंघको महासभाले शार्पभिल्लेमा भएको दुःखान्त घटनाको स्मरण गर्न मार्च २१ तारिकलाई जातीय भेदभाव उन्मूलनको अन्तर्राष्ट्रिय दिवसको रूपमा घोषणा गरियो । यसरी मार्च २१ तारिकले विश्वका जातीभेद रंगभेदवाट पीडित उत्पीडित समुदायलाई जातीय भेदभावका विरुद्ध एक भई लड्नको लागि प्रेरणा दिनका साथै दायित्वको बोध गराएको छ ।

यो दिवस नेपालका जातीय विभेदका उत्पीडितहरूको संघर्षलाई उर्जावान, एकिकृत तथा प्रभावकारी बनाउन प्रेरणादायी बनेको छ । समानता र स्वतन्त्रतापूर्वक बाच्न पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो कसैले कसैलाई जात, धर्म, लिगं क्षेत्रको आधारमा भेदभाव गर्न हुदैन र पाइदैन भन्ने यस दिवसको मुख्य सन्देश हो । यद्यपि नेपालमा कानुनी रूपले यो मर्मलाई अंगिकार गरिएको पाइए पनि व्यवहारिक रूपमा परिवर्तनहरू हुन नसक्नुले सदियौं देखि जातीय विभेदको पीडा सहनु परेका दलितहरू कानुनी व्यवस्थाका वाबजुद समानता र न्याय महसुस गर्न नसकेका कारण आज पनि यो दिवस जोड तोडका साथ मनाई आफ्नो आवाज बुलंद गर्न लाग्नु पर्ने बाध्यता छ भने अर्को तर्फ त्यसकारणले यस दिवसको महत्व पनि बढिरहेको देखिन्छ ।

जातीय भेदभाव मानवअधिकारको चरम उलंघन हो । जातीय उल्लघंन भेदभावको प्रतिरोध अर्न्तराष्ट्रिय कानुनको अपरिहार्य मान्यता पनि हो जसवाट कुनै पनि अवज्ञा मान्य हुदैन जातिवाद संग लड्ने दायित्व सवै राज्यका लागि वाध्यकारी हुन्छ चाहे राज्यले सवै प्रकारका जातीय भेदभावको उन्मुलन सम्वन्धी (आईसीआरडी) अर्न्तराष्ट्रिय महासन्धिलाई अनुमोदन गरेका हुन् वा नहुन् ।

देशमा राजनीतिक परिवर्तन भए पनि शोषित, पीडित तथा दलितहरूको भने अवस्थामा खासै केही परिवर्तन नआएको र अझ जातीय विभेदका सवालहरूमा कुनै उल्लेख्य परिवर्तन हुन नसक्नुले र जातीय विभेद व्यवहारतःअन्त्यका लागि विभेद खेपिरहेकाहरूलाई निरन्तर जातीय विभेद विरुद्ध संघर्ष गर्न यस दिवसले झक्झकाई रहने अर्थमा पनि २१ मार्चले अन्तर्राष्टिय दिवसको रूपमा ठूलो महत्व राख्दछ । संविधानले दलित समुदायका लागि केहि मात्रमा परिवर्तन गर्न खोजे जस्तो गरे तापनि यसको कार्यान्वयन पक्षलाई हेर्दा अत्यन्तै निराशाजनक देखिन्छ । संविधानले दलित समुदायलाई राज्यको अंगहरूमा समानुपातिक समावेशी सहभागितालाई निश्चित गर्न खोजेता पनि कानुन बनाउने विालमा पूर्णरूपमा बेवास्था गरिएको छ । तसर्थ दलित समुदायले राज्यले गरेका राष्ट्रिय अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई स्मरण गराउन तथा त्यसको कार्यान्वयनको सुनिश्चितताका लागि एकीकृत रूपमा आन्दोलनहरू गरिरहेका छन र त्यसको विकल्प छैन ।

दलित र अन्य वहिष्करणमा परेका समुदायहरूले यो देशको राजनीतिक परिवर्तनका लागि गरेको योगदान मुताबिक उनीहरूले चाहेको पूर्णसमानुपातिक प्रतिनिधित्व सहितको संघीय समावेशी लोकतान्त्रिक गणतन्त्र एवं विभेद रहित समाजको अनुभूति गर्न पाइराखेका छैनन् । न उनीहरूको राज्यका निर्णायक संयन्त्रहरूमा उचित प्रतिनिधित्व हुन सकिरहेको छ । न उनीहरू माथि हुने जातीय विभेदको अन्त्य नै भएको छ । दलितका हकमा त झन् विभेदका घट्नाहरू दिनानु दिन बढी रहेको छ । केन्द्र, प्रदेश र स्थानीय तहहरूको निर्णायक संयन्त्रहरूमा उचित प्रतिनीधित्व हुन नसकिरहेको परिदृश्यले राज्य र राजनैतिक दलहरूले दलित समुदायलाई समुचित रूपमा समावेश गराउन सकेका छैनन् भन्ने नै हो । अथवा, दलित समुदाय अझै राज्यको प्राथमिकतामा परेको छैन भन्ने प्रष्ट हुन आउछ । तसर्थ, दलितहरूको मुक्ति र सर्वाङ्गिण विकासको लागि उनीहरूको हक अधिकार स्थापित गर्न २१ मार्च जस्ता जातीय विभेद उन्मुलन दिवसहरू दलित अधिकारका आवाजहरूलाई बुलन्द राखिरहन निकै महत्वपूर्ण छन् । दलित समुदायको न्यायोचित समावेशीकरण तथा मुलप्रवाहीकरणका लागि नेपाल दलित मुक्ति मोर्चा निम्न वुंदाहरूमा राज्य तथा संम्वन्धित सवै सरोकारवाला निकायहरूको ध्यानाकर्षण गर्दछ ।

- संविधानको प्रस्तावनामा "सदियौदेखि दलित समुदायमाथि हदै आएको जातीय छुवाछुत र विभेदको आत्मालोचना सहित पश्चाताप गर्दै' जातीय छुवाछुत र विभेदलाई जघन्य अपराधका रूपमा परिभाषित गरियोस् ।
- राज्यको मूल कानून अर्थात संविधानलगायत अन्य नीतिनियम तथा ऐनहरूले व्यवस्था गरे अनुसार जातीय विभेद उन्मूलन सम्वन्धि कानुहरूलाई कडाईका साथ लागू गरियोस् । धारा ४० बमोजिम बन्नु पर्ने सम्पूर्ण कानूनहरू यहि चालु अधिवेशनबाट पारित गरियोस् ।
- राज्यको समावेशी नीति अनुसार राज्यको नीति निर्माण तथा सबै निकायको हरेक तहमा दलित समुदायको जनसंख्याको आधारमा सामानुपातिक प्रतिनधित्व सुनिश्चित गरियोस् ।
- दलित समुदायमाथि ऐतिहासिककालदेखि राजनीतिक, आर्थिक र सामाजिक/सा'स्कृतिक लगायतका क्षेत्रमा हुदै आएको उत्पीडनको क्षतिपूर्ति वापत राज्यका सम्पूर्ण अङ्ग, निकाय तथा क्षेत्रहरूमा (प्रतिनिधिसभा र राष्ट्रियसभा, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनाहरूमा, निजामति सेवा, सुरक्षा निकाय, न्याय तथा सार्वजनिक सेवाका सबै क्षेत्र र निजी क्षेत्रका प्रतिष्ठानहरू लगायतका रोजगारीका सम्पूर्ण निकायहरूमा दलित समदायका लागि) समानुपातिकका अतिरिक्त १० प्रतिशत थप अधिकार सुनिश्चित गरियोस् ।
- हरेक आ.व.मा विशेष कार्ययोजना सहितको दलित अधिकार तथा सशक्तिकरण कार्यक्रमको घोषणा तथा कार्यान्वयन गरियोस ।
- जातीय भेदभाव तथा छूवाछूत (कसूर र सजाय ) ऐन २०६८ लाई प्रभावकारी कार्यन्वयन गर्नको लागि विशेष सयन्त्रको विकास गरियोस।
- दलित समुदायलाई राजनीतिक दलहरूको सबै निर्णायक तहमा प्रतिनिधित्वको सुनिश्चित गरियोस् ।
- छुवाछुत तथा जातीय विभेदका पीडितहरूलाई उचित क्षतिपूर्ति, राहत तथा पूर्नस्थापनाको व्यबस्था गरियोस्।
- अन्तर्जातिय विवाह गर्ने जोडीहरूलाई प्रोतसाहन एवंम जीविकोपार्जनको लागि पुग्ने गरी पा'च लाख सम्म दिने व्यवस्था गरियोस् ।
- छुवाछुत विभेद विरुद्धका विषयमा विद्यालय स्तरका शैक्षिक पाठ्यक्रमहरूमा समावेश गरियोस् ।
- कानुन कार्यान्वयन गर्ने निकायहरू प्रहरी, सरकारी वकिलको कार्यालय तथा अदालतको संवेदनशिलता अभिवृद्धि का साथै क्षमता विकासका लागि कार्यक्रमसहित बजेटको व्यवस्था गरियोस् ।
- दलित समुदायका विद्यार्थीहरूका लागि पूर्वप्राथामिक तहदेखि उच्चशिक्षा तहसम्म पर्याप्त छात्रवृत्तिसहित निःशुल्क शिक्षाको संवैधानिक व्यवस्था गरियोस् । साथै दलित समुदायलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था सुनिश्चित गरियोस् ।
- दलित समुदायका परम्परागत पेशाजन्य व्यवसायमा दलितलाई अग्राधिकारको संवैधानिक व्यवसाय गरी सीप र कलाको संरक्षण-प्रवर्द्धन तथा आधुनिकीकरण गर्ने व्यवस्था गरियोस् ।
- दलित अधिकार सुनिश्चितताका लागि अधिकार सम्पन्न संवैधानिक राष्ट्रिय दलित आयोगको सुनिश्चितता गरियोस् ।
- भूमिहीन दलितका लागि जिविकोपार्जन गर्न पुग्ने गरी जमीन उपलब्ध गराउने संवैधानिक व्यवस्था गराउने र आवासविहीन दलित समुदायका लागि आवासको संवैधानिक व्यवस्था गरियोस् ।
- दलित समुदायका सम्बन्धमा राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणका लागि नीति निर्माण गर्न, संवैधानिक तथा कानूनी व्यवस्थाहरू लागू गर्न, कार्यक्रम तर्जुमा गर्न, सुझाव, अनुगमन, मूल्याङ्कन तथा त्यसका लागि प्रदेशहरूसंग समन्वय गर्न कार्यकारी प्रमुखको नेतृत्वमा केन्द्रमा एक 'राष्ट्रिय दलित विकास परिषद्'को संवैधानिक व्यवस्था गरियोस् ।
- दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारहरूमा पहाडी दलित, मधेशी दलित र दलित महिलाको समानुपातिक अकिार कायम हुने संवैधानिक व्यवस्था गरियोस् ।

*२०७४/ १२ / ७ गते*

नेपाल दलित मुक्ति मोर्चा, कास्की

# शुकदेव गुरुङलाई शहीद घोषणाका लागि पहल गर्ने : *मन्त्री बराल*

बुटवल । सामाजिक विकास मन्त्री सुदर्शन बरालले शहीद शुकदेव गुरुङलाई शहीद घोषणाका लागि पहल गर्ने बताउंनुभएको छ । उहांले शुकदेवलाई शहीद घोषणाका लागि केन्द्र सरकारमा सिफारिस गरिने बताउंनुभयो । अग्रणी शहीद शुकदेव राष्ट्रिय कार्यदल संरक्षण समिति र तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्,रूपन्देहीको संयुक्त आयोजनामा भैरहवाको बर्मेली टोलमा रहेको शुकदेव चोकमा चैत्र १० गते आयोजित १४१ औं शुकदेव स्मृति सभामा बोल्दैं मन्त्री बरालले सो कुरा बताउंनुभएको हो । शुकदेव गुरुङ लगायतले संघर्ष गरेर प्राप्त उपलब्धीको रक्षा गदैं थप अधिकारका अघि बढ्नुपर्ने बताउंनुभयो ।आदिवासी जनजाति राज्यको अंग बनिसकेको भन्दैं उहांले सडकमा गाली गरेर केही नहुंने जिकिर गर्नुभयो । आदिवासी जनजाति महासंघका पूर्व महासचिव डा.ओम गुरुङले शुकदेवलाई शहीद घोषणा गरेर राष्ट्रिय सम्मान दिन आग्रह गर्नुभयो ।राष्ट्रिय जनमुक्ति पार्टीका महासचिव केशव सूर्यवंशीले शुकदेवलाई शहीद घोषणा नगर्नु र लखन थापालाई शहीद घोषणा गरेर पनि सम्मान नगर्नु विभेद भएको दावी गर्नुभयो ।कार्यक्रममा प्रदेश सांसद दिपा विक,सिद्धार्थनगर नगरपालिकाका प्रमुख हरिप्रसाद अधिकारी,वरिष्ठ समाजसेवी शेरबहादुर गुरुङ,सल्लाहकार क्या.टेकबहादुर गुरुङ,माओवादी केन्द्रका नेता हकिकुल्ला खां,समितिका प्रवक्ता धनबहादुर गुरुङ,मगर राष्ट्रिय मुक्ति मोर्चा,रूपन्देहीका इन्चार्ज मनोज राना,थारु कल्याणकारीणी सभा, रूपन्देहीका उपाध्यक्ष सतिष चौधरी,नेपाल तामाङ घेदुङ, रूपन्देहीका उपाध्यक्ष हिरामाया मोक्तान लगायतले बोल्नुभएको थियो ।समितिका संयोजक टेकबहादुर गुरुङको अध्यक्षता,सहसचिव चित्रप्रसाद गुरुङको सञ्चालन तथा परिषद्का अध्यक्ष बिमला गुरुङको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।कार्यक्रम अघि प्रमुख अथिति मन्त्री बरालले शुकदेवको शालिकमा माल्याणपर्ण गर्नुभएको थियो ।कार्यक्रममा शुकदेवलाई शहीद घोषणाका लागि सहयोग गर्ने पत्रकार,समाजका अगुवा,लेखकलाई खांदा लगाएर सम्मान गरिएको थियो ।

## नेपालको...

र नेपालको शासकहरूको लम्पसारवादी प्रवृतिका कारण नेपालको राष्ट्रियता सँधै खतरामा रहेको वताउनु भयो । संसदवादी दलहरूसंग वहस गर्ने हिम्मत नभएका कारण यो कार्यक्रममा अनुपस्थित रहेको वताउनु भयो ।

त्यस्तै जलश्रोतविद् विकास थापाले भारतले नेपाली जनतालाई घरवार विहिन वनाएर सित्तैमा पानी लान खोजेको ले यस्को विरोध गर्नु परेको वताउनु भयो । हाम्रो पानीमा पहिलो अधिकार हाम्रै हुन्छ, ड्यामका कारण लाखै जनता विस्थापित हुन्छन, खर्वौंको क्षति र अपार प्राकृतिक सम्पदा ध्वस्त पारेर हामीले भारतलाई सितैमा पानी दिन नसक्ने वताउनु भयो । यदि भारतलाई पानी दिने नै भए उचित क्षतिपुर्ति र अन्तर्राष्ट्रिय प्रचलन अनुसार पानीको मुल्य लिनु पर्दछ । तर नेपालका शासकहरूले सत्ता स्वार्थका र भारत सामु सत्ताका लागी लम्पसार पर्ने प्रवृतिका कारण त्यो सम्भव छैन । त्यसैले कोशी उच्चवाँध वन्न दिनु भनेको नेपाल भारतलाई सुम्पनु हो ।

त्यस्तै संघीय समाजवादी फोरमका नेता खगेन्द्र माखिम र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका नन्द कुमार याम्फुले कोशी किराँत तथा लिम्वुवानको ईतिहास र अस्तित्वसंग जोडिएकोले उच्चवाँध जस्तो राष्ट्रघाति आयोजना वन्नै नदिने वताउनु भयो । कार्यक्रम प्रदेशका संयोजक नगेन्द्र राईको अध्यक्षतामा तथा मनोज श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो ।

## पार्टी...

बैठकमा पार्टी एकताका लागि आधारहरू तयार पार्न छलफल र बहस गर्दै जाने र सहमति भएका विषयमा संयुक्त आन्दोलन गर्ने निर्णय भएको छ । राष्ट्रियता र जनजीविकाका विषयमा तत्कालै बैठक बसि आन्दोलनका कार्यक्रम ठोस गर्ने पनि सहमति भएको छ । यी पार्टीहरूले केही समय अघि देखिनै पार्टी एकतालाई लक्षित गर्दै निरन्तर छलफल चलाउँदै आएका छन् ।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।